*'नत्थि सन्ति समो सुखो'*

# निर्वाण के हो ?

(निर्वाणबारे संक्षिप्त परिचय)



जन्म :
वि.सं. १९७३ पौष १३ गते

दिवंगत
वि.सं. २०६५ आषाढ २ गते

(दिवगत बुद्धराज शाक्य)

'इदं मे पुञ्ञं निब्बानस्स पच्चयो होतु'

अंग्रेजीमा लेखक
**भिक्षु हम्मालरा सद्धातिस्स**
थाइलायण्ड

नेपालीमा अनुवादक
**दोलेन्द्ररत्न शाक्य**
चाकुपाट, ललितपुर ५५-२९२०४


**प्रकाशिका**
**नानी मयजु शाक्य**
**हःखा, ललितपुर फोन : ५५३२८४४**

**पुस्तकको नाम : 'निर्वाण के हो ?'**
**मूल लेखक : भिक्षु हम्मालरा सद्धातिस्स**
**अनुवादक : दोलेन्द्ररत्न शाक्य**
चाकुपाट, ललितपुर, फोन: ५५-२९-२०४ / मो: ९७४१-०५-७७-८५

**प्रकाशन साल**
बु. सं २५५३ वि. सं. २०६६
ने. सं. ११२९ ई. सं २००९



**सर्वाधिकार: – अनुवादकमा सुरक्षित**



**संस्करण**
प्रथम संस्करण – १००० प्रति


(सम्पूर्ण दुःख-बन्धनबाट सर्वथा मुक्त रहेको निर्वाणिक अवस्था सबैले शिघ्र साक्षात्कार गरिलिन सकून् भन्ने मंगलकामनाका साथ स्वामी दिवंगत बुद्धराज शाक्यको वार्षिकीको उपलक्ष्यमा निर्वाण कामना गर्दै **धर्मदान**) – प्रकाशिका

धर्म-दान


**मुद्रक**
राजमति प्रेस, ललितपुर, ५५३४५२७



Dhamma.Digital

Downloaded from http://dhamma.digital/

भावपूर्ण

# समर्पण



(दि. हीराशोभा शाक्य)

दुई वर्षअघि मात्र अनित्यताको स्मरण गराउँदै र शील, समाधि र प्रज्ञाको भावितामा समर्पित हुँदै अकस्मात दिवंगत भएकी अति गुणोपकारी एवं सेवा र उपकार कार्यमा समर्पित मेरी धर्मपत्नी दिवंगत **हीराशोभा शाक्य**मा लेखकको नाताले तिनको शिघ्र निर्वाण साक्षात्कारको कामना गर्दै यो कृति तिनमा सस्नेह समर्पण गर्दछु ।

**दोलेन्द्ररत्न शाक्य**

**(अनुवादक)**



# निर्वाण-कामना



**जन्म :**
**वि.सं. १९७३ पौष १३ गते**

**दिंवगत**
**वि.सं. २०६५ आषाढ २ गते**

(**दि. बुद्धराज शाक्य**)

भव-चकमा पिल्सिरहेका सत्वप्राणीहरू भगवान बुद्धले दिनुभएको शिक्षालाई आत्मसात गरी जन्म-मरणको चकबाट मुक्त होऊन् भन्ने सदिच्छाका साथ एक वर्षअघि मात्र अनित्यताको अकाट्य नियमानुसार दिवंगत हुनुभएका हाम्रा पति तथा बुबा बुद्धराज शाक्यको आज वार्षिकीको दिन उहाँको पुण्य-स्मृतिमा हामी निर्वाण-कामना गर्दछौं ।

**पत्नी**

**नानी मय्जु शाक्य**

**पुत्रहरु/बुहारीहरू**

१) **मुनिबहादुर शाक्य / नानीछोरी शाक्य / रेमा शाक्य**
२) **खोजराज शाक्य / लक्ष्मीमाया शाक्य**
३) **सानुराज शाक्य / रिद्धि शाक्य**
४) **पन्नाराज शाक्य / शीला शाक्य**



Downloaded from http://dhamma.digital/

**पुत्रीहरु/ज्वाईहरू**

शोभानानी / इमान गुरूङ

शारदा / जवाहरकाजी बज्राचार्य

नानीशोभा / शुभरत्न शाक्य

**नातिहरू**

रवि शाक्य / शोभा शाक्य

सुरेन्द्र शाक्य / गार्ली शाक्य

मुनाराज शाक्य / रूथ शाक्य

डानियल, सिद्धार्थ, विजय

रेवत

**नातिनीहरू**

सर्वाणा / जगतमुनी बज्राचार्य

मालती / हरि श्रेष्ठ

आरती / अजय प्रधान

सम्मा / राजु शाक्य

सरिता / चुमन दर्लामी

हिमा / रोशन घले

सविना, श्रृजना, सोफिया, सुरक्षा,

श्रद्धा, जस्मीन, ज्वयल्शा

पनाति तथा पनातिनीहरू एवं समस्त शाक्य परिवार



Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# अनुवादकको भनाई

चित्त क्षण प्रतिक्षण परिवर्तन भइरहन्छ । चित्त मात्र होइन, सबै वस्तु, व्यक्ति र स्थिति पनि परिवर्तनशील छन् । वस्तु, व्यक्ति र स्थिति उत्पन्न हुन्छन् अनि नाश हुन्छन्, बन्दछन् अनि बिग्रिन्छन् र जन्मन्छन् अनि मर्दछन् । त्यस्तै चित्त पनि ।

चित्तमा कुशल प्रवृतिको उत्पन्न हुनु र त्यसको कार्यान्वयन पनि हुनसक्नु महान कार्य हो भन्न सकिन्छ । अकुशल चित्त प्रवृति लाई उत्पन्न हुन नदिनु र उत्पन्न भइसकेको भए पनि त्यसलाई कार्यान्वयन हुन नदिनु पनि महान कार्य नै मान्न सकिन्छ । पुण्य कर्म सम्पादन गर्न भ्याउनु र पाप कर्म सम्पादन हुन नदिनुलाई हेर्दा अलग अलग जस्तो देखिए पनि एउटै छत्रमुनि राख्न सकिने कुरो हो ।

यस सन्दर्भलाई यस पुस्तकको प्रकाशनसँग जोड्न चाहन्छु । प्रकाशिका श्रीमती **नानी मयूजु शाक्य**की सुपुत्र श्री पन्नाराज शाक्य हाल क्यानाडामा बस्नुहुन्छ । त्यहाँसम्म बस्दा पनि धर्म-चित्तको उदय हुनु र त्यसको कार्यान्वयन पनि गर्नु उहाँको धर्मप्रीतिको लक्षण हो । आफ्ना पिताको निर्वाण-कामना गरी धर्मदानको रूपमा बुद्ध-शिक्षाका पुस्तक प्रकाशित गरी वित्तरण गर्नु भनेको आफैमा महान काम हो । यसले उहाँ आफ्ना पिताप्रति



कतिको कृतज्ञ रहेछ भन्ने कुरा झल्काउँछ । यस्तो पुण्यको काम हत्तपति सबैले गर्न रूचाउँदैनन् । उहाँले बुबाको पुण्य-स्मृतिमा माताको प्रकाशकत्वमा पुस्तक प्रकाशन गरी धर्मदान गर्न अघि सर्नुबाट उहाँमा माताप्रतिको श्रद्धा र कृतज्ञ भावलाई पनि उजागर गरिदिएको छ ।

एकपल्ट बाटो परेकोले श्रीघः विहार, काठमाडौंमा अश्वघोष भन्तेको निवासमा दर्शनार्थ गएको थिएँ । यताउतिका दुईचार कुरापछि बिदा हुनेबेलामा मेरो आँखा '**What is Nirvana ?**' भन्ने लघु पुस्तिकामा पऱ्यो । आँखा त्यसबाट हटेन । मैले पुस्तक उठाएँ र ओल्टाइ पल्टाइ गरें । एक किसिमले लोभ नै गरें भन्नुपऱ्यो । भन्तेसँग यसको अर्को प्रति पनि छ कि भनी सोधें । छैन, तिमीलाई चाहिन्छ भने लगे हुन्छ । म अंग्रेजी पढ्दिन भन्नुभयो । मैले सहर्ष साधुवाद व्यक्त गरी पुस्तक गोजीमा हालें । त्यही पुस्तकको नेपाली अनुवाद हो यो पुस्तक ! यसरी यो पुस्तकलाई हात हातमा उपलब्ध गराइदिने काममा कारक तत्व बन्न सकेकोमा मलाई अति हर्ष लागेको छ । पुस्तक उपलब्ध गराइदिनुभएकोमा उहाँ अश्वघोष भन्तेलाई पनि कृतज्ञतासहित साधुवाद छ ।

पुस्तक पाठकवर्गमा पुऱ्याउन अनुवाद भएर मात्र पुग्दैन, प्रकाशित पनि हुनुपर्दछ । यस कार्यमा प्रकाशिका श्रीमती **नानी मयूजु शाक्य** तथा उहाँकी सुपुत्र श्री पन्नाराज शाक्य



Downloaded from http://dhamma.digital/

अघि सर्नुभएको हुनाले विशेष गरी निजहरूलाई पुनः एकपल्ट धन्यवाद दिन चाहन्छु । अन्य परिवारजन पनि उत्तिकै धन्यवादका पात्र हुनुहुन्छ ।

बुद्ध-शिक्षाबारे पहिले कहिल्यै नसुनेकाहरूलाई पनि लाभ हुने गरी यसमा प्रयोग भएका कतिपय शब्दहरूको अर्थसहित २/४ पृष्ठ थपिदिन क्यानाडाबाटै फोनद्वारा आग्रह गर्नुभए अनुसार पुस्तकको अन्तिमतिर सो अर्थ तालिका राखिदिएको छु । यसबाट अवश्य पनि पाठक लाभान्वित हुनेछ भनी आसा गरेको छु ।

यस लघु पुस्तिका लघु साइजमा भएको हुनाले पनि यसलाई गोजीमा वा कोटको खल्तीमा बोकेर लैजान सकिने र विश्रामको बेला जहाँकहीँ पनि पढ्न सकिने सुविधा यसले बोकेको छ । यसबाट पनि पाठक लाभान्वित हुन सकिन्छ ।

अन्त्यमा प्रकाशिकालाई धन्यवाद दिँदै पाठकवर्गमा पुस्तकबाट लाभ लिनुहुन र स्वच्छ प्रतिक्रिया गर्न चाहेमा गरिदिनुहुन अनुरोध गर्दै बिदा हुन चाहन्छु ।

अस्तु !

२०६६/०२/२५ भवतु सब्ब मंगलं ।

<u>विनित</u>

**दोलेन्द्ररत्न शाक्य**

**(पुस्तकका अनुवादक)**



# प्रकाशिकाको उद्गार

भगवान बुद्धबाट देशित धर्मको अति महत्वपूर्ण पक्ष र बुद्ध-शिक्षाको मूल लक्ष्य 'निर्वाण' सम्बन्धमा नेपालीमा अनुवाद गरिएको एउटा लघु पुस्तकको प्रकाशन आज हामीबाट यसरी गर्न पाएकोमा हामीलाई अपार हर्ष लागिरहेको छ । यस कार्यमा प्रेरणासहित भिक्षु हम्मालरा सद्धातिस्सले अंग्रेजीमा लेख्नुभएको **'What is Nirvana ?'** शिर्षकीय लघु पुस्तकको सबैले बुझ्न सकून् भन्ने उद्देश्यले नेपालीमा अनुवाद गर्नुभई हामीलाई यस पुण्यकार्य गर्ने अवसर जुराइदिनुभएकोमा ललितपुर चाकुपाट निवासी कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यलाई साधुवाद दिन चाहन्छु । यस पुस्तक दिवंगत स्वामी बुद्धराज शाक्यको वार्षिकीको पुण्य स्मृतिमा उहाँलाई जन्म, जरा, व्याधि र मरण धर्मबाट सर्वथा मुक्त रहेको निर्वाण-पद शिघ्र प्राप्त होस् मंगल-कामनाका साथ धर्मदानस्वरूप प्रकाशित गरी वित्तरण गरेका छौं । यस पुस्तकको अध्ययनबाट पाठकवर्ग लाभान्वित होऊन् भन्ने कामना पनि व्यक्त गर्दछु । अस्तु !

२०६६/३/२ (वार्षिकीको दिन) भवतु सब्ब मंगलं

**नानी मय्जु शाक्य**

**(प्रकाशिका)**



Downloaded from http://dhamma.digital/

# निर्वाण के हो ?

*– भिक्षु हम्मालरा सद्धातिस्स*

## (१)

सबै नै बुद्धका अनुयायीहरूको साझा लक्ष्य नै निर्वाणको साक्षात्कार हो । बुद्धानुयायीहरूको मात्र होइन, सारा मनुष्य जातिकै साझा लक्ष्य निर्वाणको प्राप्ति नै हुनुपर्दछ । निर्वाण यस्तो अवस्था हो जसलाई सामान्य भाषामा परिभाषित गर्न सकिँदैन तर पालि वाङ्मयमा यसलाई विभिन्न तरिकाले व्याख्या गरिएको छ । यो शब्द 'निर+वा'ण'अर्थात् 'रहित+तृष्णा' को अर्थमा परिभाषित गरिएको छ । मूल शब्द 'वा' ले 'फुक्नु' भन्ने अर्थ जनाउँछ तर संस्कृत व्याकरण शास्त्रीहरूले 'निरोध' भनी व्याख्या गर्दछन्, झ्याप्प निभेको बत्तीझैं । यस परिप्रेक्ष्यमा 'रत्तनसुत्त' मा आउने एक पदाचरणलाई सम्झन सकिन्छ – *'पुराना संस्कार सबै गइगए, नयाँ बन्ने सम्भाव्यता नै छैन । जसको चित्त पुनर्जन्मबाट अनासक्त भइसकेको छ, उनीहरूका चित्त भावी जन्मको आसक्तिबाट सर्वथा मुक्त भइसकेको हुन्छ । उनीहरूका सबै सबै तृष्णा निरोध भइसकेको हुन्छ र उनीहरूमा अब नौलो तृष्णा*



*पलाउनै सक्दैन । उनीहरू बत्ती निभेझैं झ्याप्पै निभिदिन्छन् ।'* भिक्षु अश्वघोषले यसै कुरालाई यसरी पदवद्ध गर्नुभएको छ – 'जसरी बत्ती निभ्दा यहाँ वहाँ कहीं पनि गएको भन्न सकिँदैन, न त जमिनमै न त आकासमै, न त यो दिशामा न त त्यो दिशामा, त्यो बत्ती तेल सिद्धिएको कारणले झ्याप्प निभेको हुन्छ, त्यसरी नै आर्यजनले निर्वाणको साक्षात्कार गरेको हुन्छ जब उसमा रहेको सम्पूर्ण तृष्णादि विकारहरू सकिएर रित्तिएका हुन्छन् । ऊ न त यस बाटो भएर न त त्यस बाटो भएर नै गएको हुन्छ । तर उसले त्यस विपुल सुख प्राप्त गरेको हुन्छ ।

माथिका व्याख्याको अतिरिक्त अरू पनि अनेकन दृष्टान्तहरू भेट्टिन्छन् । सर्वास्तिवादी अभिधम्म-महा-विभाषा-शास्त्रमा 'निर्वाण' विषयमा निम्न कुराहरूको पनि उल्लेख भएको पाइन्छ ।

क) 'वाण' को अर्थ पुनर्जन्मको मार्ग हो र 'निर' को अर्थ हो 'मोड्ने' वा 'त्याग गर्ने' । यसको संयुक्त अर्थ हुन्छ – 'पुनर्जन्म लिइरहनुपर्ने कारणलाई परित्याग गर्नु' ।

ख) 'वाण' को अर्थ 'घृणित' हो र 'निर' को अर्थ हो 'मुक्ति' । यसको संयुक्त अर्थ हुन्छ –
'दुःख दिइरहने घृणित कर्म संस्कारबाट पूर्ण मुक्ति' ।

ग) 'वाण' को अर्थ 'घना जंगल' हो र 'निर' को अर्थ हो 'निक्लनु' । यसका संयुक्त अर्थ हुन्छ –



Downloaded from http://dhamma.digital/

'पञ्चस्कन्धरूपी घना जंगलबाट पूर्ण निष्क्रमण हुनु, वा लोभ, दोस र मोहरूपी अकुशल मूलबाट पूर्ण छुटकारा पाउनु, वा अनित्य, दुःख र अनात्मारूपी तीन लक्षणबाट पनि निष्क्रमण हुनु ।'

घ) 'वाण' को अर्थ 'बुन्नु' हो र 'निर' को अर्थ 'गाँठा फुकाउनु' । यसको संयुक्त अर्थ हुन्छ –

'दुःख दिइरहने कर्मरूपी धागोको गाँठो कस्नुबाट पूर्ण मुक्ति' ।

यसरी 'निर्वाण'बारे परिभाषा दिनु कठिनतम हो भन्न सकिन्छ तापनि अर्हतत्व प्राप्त भिक्षु नागसेन र ग्रिसका राजा मिलिन्दबीच चलेको यस संवादबाट यसबारे स्पष्ट रहस्योद्घाटन हुन्छ ।

"भन्ते, नागसेन, तपाईंले बारम्बार चर्चा गरिरहनु हुने निर्वाणबारे के तपाईंले मलाई कुनै उपमा उपमेयद्वारा यसको स्वरूप, आकृति, अवधि र आकारको सम्बन्धमा बताइदिन सक्नुहुन्छ ?"

"त्यो त म सक्दिन, महाराज, किनभने निर्वाणमा यस्ता कुराहरू सम्बन्धमा केही हुँदैन । कुनै पनि उपमा, व्यााख्या, तर्क वा बहसद्वारा यसको स्वरूप, आकृति, अवधि र आकारको सम्बन्धमा स्पष्ट बताउन सकिंदैन ।"

"त्यसमा त म विश्वास गर्न सक्दिन, नागसेन भन्ते, कि



निर्वाण जुन वास्तविक हो, यस्तो अवस्था पनि छ भने कुनै पनि उपमा उपमेयद्वारा यसको स्वरूप, आकृति, अवधि र आकारबारे बताउनै सकिंदैन, यो कुरा बताउन असम्भव छ भन्ने कुरा म पत्याउनै सक्दिन ।"

"उसोभए, भन्नुहोस्, महाराज, के महासमुन्द्र भन्ने चीज छ ?"

"छ, किन छैन ।"

"छ भने, मानौं कसैले आएर तपाईंसँग सोध्न आयो रे, 'समुन्द्रमा कति पानी छ र त्यहाँ कति जीव प्राणीले बास गरिहेका छन् ?' तपाईंले यस प्रश्नको उत्तर कसरी दिनुहुन्छ ?"

"म उसलाई यसो भन्छु – 'हे भला मानुष ! यस्तो प्रश्न सोध्ने होइन । यस्ता प्रश्नलाई थाती राख्नुपर्दछ । भौतिक शास्त्रीहरूले कहिल्यै पनि समुन्द्रको यसरी परीक्षण गरेका छैनन् । समुन्द्रको पानीलाई कसैले नापेका छैनन् । त्यहाँ बस्ने जीव जन्तुहरूको गिन्ती पनि कसैले गरेका छैनन् ।' जवाफ मेरो यस्तो हुनेछ, भन्ते ।"

"तर महाराजले यसरी किन प्रश्नको जवाफ दिनुहुन्छ त ? समुन्द्र त छ,, सबैले देखिरहेका पनि छन् । के तपाईंले पानी नापेर वा जीवजन्तुको गणना गरेर यति पानी छ, र यति जीवजन्तु समुन्द्रमा छन् भनी बताउन मिल्दैन ?"

"त्यो कुरा त असम्भव नै हुन्छ, भन्ते, किनभने यस्तो



Downloaded from http://dhamma.digital/

प्रश्नको ठीक उत्तर दिनु कसैको वशको कुरा हुँदैन ।''

"महाराज, समुन्द्र जगाजग हुँदाहुँदै पनि त्यहाँ भएको पानीको मात्रा र त्यहाँ विचरण गर्ने जीवजन्तुको संख्या बताउन नसकिएजस्तै तपाईंले भन्नुभएको निर्वाण हुँदाहुँदै पनि त्यसको स्वरूप, आकृति, अवधि र आकारलाई पनि बताउन असम्भव नै हुन्छ । अझ कसैले आफ्नो दैवी शक्तिको कारणले वा मनको मालिक हुँ भनेर समुन्द्रको पानी यति उति छ र समुन्द्रमा यति उति जनावर छन् भनेर बताइहाल्न सके पनि उसले निर्वाणको स्वरूप, आकृति, अवधि र आकारबारे बताउन असमर्थ हुन्छ ।''

निर्वाणको प्रकृतिलाई बुझ्न अरू कुनै तरहबाट सम्भव छैन । सिर्फ त्रिपिटक ग्रन्थमा बताइएको विधिको अनुशरण गरेर वा साक्षात्कार गरेर मात्र निर्वाणको साक्षात्कार हुन सकिन्छ । माथि बताइएका कुराहरू निर्वाणको प्रकृतिलाई बुझ्न अपर्याप्त हुन्छ । नागर्जुनजस्तो विद्वानले पनि यसबारे यस्तो धारणा व्यक्त गरेका छन् – "निर्वाण त्यसलाई भनिन्छ जुन अप्राप्य छ, अग्राह्य छ र अनुत्पादक पनि छ ।''

अतः निर्वाणको नकारात्मक पक्षले यो कुरा दर्शाउँछ कि तीन प्रकारका अग्नि लोभ, दोस र मोहादि सम्पूर्ण तृष्णाजन्य तत्वलाई हटाई चित्तलाई यिनीहरूको घृणित पञ्जाबाट सर्वथा मुक्त पार्नु नै निर्वाणको साक्षात्कार हो ।



## (२)

अब म नागसेन भन्तेले मिलिन्द राजालाई निर्वाणको सकारात्मक पक्षबारे दिएको बोधगम्य व्याख्यालाई उद्धरण गर्न चाहन्छु –

"भन्ते नागसेन, म मान्दछु कि निर्वाण अमिश्रित हो, चोखो हो । तर पनि यसको स्वरूप, आकृति, अवधि र आकारलाई बुझाउन उपयुक्त तर्क, व्याख्या र उपमाबाट प्रष्ट्याउन सकिदैन । के निर्वाणको त्यस्तो गुण वा विशेषता छैन जुन अन्य कुराहरूमा सदृष्ट छ र समान अर्थ राख्दछ ?''

"यसको स्वरूपलाई यथार्थरूपमा बुझाउने कुनै यथार्थ र ठोस दृष्टान्त त छैन तर यसको गुणसँग तादात्म्यता राख्ने केही त छन् जसलाई उपमाको रूपमा दिन सकिन्छ ।''

"आहा ! कस्तो खुसीको कुरा ! भन्नुहोस्, भन्ते, निर्वाणबारे कुनै एउटा भए पनि विशेषता सुन्ने मौका त पाउने भएँ । तपाईंका शित्तल अमृत वचनमार्फत मेरो मनको सन्तापलाई शित्तलता प्रदान गर्नुहोस् ।''

"महाराज, कमलको फूलको एक गुण, पानीको दुई गुण, औषधिको तीन गुण, समुन्द्रको चार गुण, अन्नको पाँच गुण, आकासको दस गुण, चिन्तामणी रत्नको तीन गुण, रक्तचन्दनको तीन गुण, घृतरसको तीन गुण र पर्वत शिखरको पाँच गुणहरूले निर्वाणसँग तादात्म्यता राख्दछन् ।''



Downloaded from http://dhamma.digital/

## १) कमलको फूल

क) कमलको फूल पानीबाट निर्लिप्त रहन्छ, त्यस्तै निर्वाण पनि अकुशल तत्वबाट निर्लिप्त रहन्छ ।

## २) पानी

क) पानी शित्तल हुन्छ र तापलाई शान्त गर्दछ, त्यस्तै निर्वाण शान्त हुन्छ र अकुशल तत्वको कारणले उत्पन्न तापलाई शान्त पार्दछ ।

ख) पानीले मानिस र पशुको तिर्खा मेटिदिन्छ, त्यस्तै निर्वाणले कामतृष्णा, भव तृष्णा र विभव तृष्णाबाट पूर्ण मुक्ति दिलाउँछ ।

## ३) औषधि

क) औषधि विषशोधक हो, त्यस्तै निर्वाणले पनि अकुशल तत्वरूपी विषको शोधन गर्दछ ।

ख) यो रोग निरोधक हो, त्यस्तै निर्वाणले पनि शोकादि दुःखरूपी रोगका निरोध गर्दछ ।

ग) यो अमृतझैं हुन्छ, त्यस्तै निर्वाण सम्पूर्ण जन्म, जरा, व्याधि र मरण धर्मबाट मुक्त रहेको अमृत नै हो ।

## ४) समुन्द्र

क) समुन्द्र मुर्दा वा सिनोविहीन हुन्छ, त्यस्तै निर्वाण पनि अकुशल तत्वरूपी सिनोबाट विमुक्त छ ।



ख) यो शक्तिसम्पन्न र विस्तृत हुन्छ, निर्वाण पनि विस्तृत र असीमित हुन्छ ।

ग) यो ठूल्ठूला जीवहरूको बासस्थान हो, त्यस्तै निर्वाण पनि सन्त, अरहन्तहरूको चरण स्थल हो ।

घ) यसमा छालको तरंगरूपी फूलहरू फुलिरहन्छन्, त्यस्तै निर्वाणमा पनि विशुद्धि, प्रज्ञा र मुक्तिका फूलहरू ढकमक्क फुलिरहेका हुन्छन् ।

## ५) अन्न

क) अन्नले प्राणीहरूलाई जीवन दिन्छ, त्यस्तै निर्वाणले पनि निर्वाण प्राप्तलाई जरा र मरणबाट मुक्तिरूपी अमृत पिलाउँछ ।

ख) यसले प्राणीहरूलाई बल शक्ति प्रदान गर्दछ, त्यस्तै निर्वाणले पनि निर्वाण प्राप्तलाई ऋद्धि सिद्धि प्रदान गरी शक्तिसम्पन्न पार्दछ ।

ग) यसले प्राणीहरूलाई वर्ण र सौन्दर्य दिन्छ, त्यस्तै निर्वाणले पनि मुक्त पुरुषलाई विमुक्तिको सौन्दयैले वर्णसम्पन्न बनाउँछ ।

घ) यसले क्षुधाबाट उत्पन्न दुःखलाई हटाउँछ, त्यस्तै निर्वाणले पनि अकुशल तत्वबाट उत्पन्न शोकादि दुःखहरूलाई हटाउँछ ।



Downloaded from http://dhamma.digital/

ङ) यसले क्षुधाबाट उत्पन्न कमजोरीमाथि विजय दिलाउँछ, त्यस्तै निर्वाणबाट पनि सबै प्रकारका दुःखहरूबाट उत्पन्न कमी कमजोरीहरूमाथि विजय पाउन सकिन्छ ।

**६) आकास**

क) आकास न त जन्मेको हो,

ख) न त जर्जरित हुन्छ,

ग) न त मर्दछ,

घ) न त पछि उत्पन्न हुन्छ र यसको भावी जीवन नै छ,

ङ) न त यो ज्ञेय नै छ,

च) न त यसलाई चोरले चोर्न नै सक्दछ,

छ) न त यो कुनै आधारमा आधारित छ,

ज) यो चराचररूङ्गीहरूको उडन क्षेत्र हो,

झ) यो बाधाबाट मुक्त छ र

ञ) यो अनन्त छ ।

***त्यस्तैगरी निर्वाण पनि –***

क) जन्मेको होइन,

ख) जर्जरित हुँदैन,

ग) मदैन,

घ) यसको पुनर्जन्म हुँदैन,

ङ) यो अजय हुन्छ,

च) चोरले हरण गर्न सक्दैन,



छ) यो कुनैमा पनि आसक्त छैन,

ज) यो अरहन्तहरू विचरण गर्ने क्षेत्र हो,

झ) कुनैले पनि यसलाई बाधा दिन सक्दैन र

ञ) यो पनि अनन्त छ ।

**७) चिन्तामणी रत्न**

क) चिताएको कुराको पूर्ति गर्दछ, त्यस्तै निर्वाणले पनि सबै इच्छाका पूर्ति गरी इच्छारहित बनाउँछ ।

ख) यसले प्रशन्नता दिन्छ, त्यस्तै निर्वाणले पनि अनन्त र परम सुख प्रदान गर्दछ ।

ग) यो तेजोमय र जाज्वल्यमान हुन्छ, त्यस्तै निर्वाण पनि ।

**८) रक्तचन्दन**

क) रक्तचन्दन पाउन कठिन हुन्छ, त्यस्तै निर्वाण पनि सुलभ छैन ।

ख) यसको सुवास असमान छ, त्यस्तै निर्वाणमा पनि अतुलनीय सुवास हुन्छ ।

ग) जानकारले यसको प्रशंसा गर्दछन्, त्यस्तै निर्वाणलाई पनि आर्यजनहरूले प्रशंसा गर्दछन् ।

**९) घिउको रस**

क) घिउको रंग सुन्दर र मनमोहक हुन्छ, त्यस्तै पनि पुण्यको दृष्टिमा निर्वाण सुन्दर र ग्राह्य हुन्छ ।



Downloaded from http://dhamma.digital/

ख) यसको मधुर रस हुन्छ, त्यस्तै निर्वाणको पनि पुण्यको मधुर रस (फल) हुन्छ ।

ग) यसको स्वाद रूचिकर हुन्छ, त्यस्तै निर्वाणले पनि सबै स्वादहरूलाई जित्दछ ।

**१०) पर्वत शिखर**

क) पर्वत शिखर उच्च हुन्छ, त्यस्तै निर्वाण पनि सर्वोच्च हुन्छ ।

ख) यो अचल छ, त्यस्तै निर्वाण पनि अचल र अविचलित हुन्छ ।

ग) यो अग्राह्य र पुग्न सरल छैन, त्यस्तै निर्वाणमा अकुशल तत्वहरू पुग्न असम्भव हुन्छ ।

घ) यसमा कुनै पनि वनस्पति उम्रँदैन, निर्वाणमा पनि कुनै अकुहल तत्वको जन्म सम्भव छैन ।

ङ) यो खुसामद र घृणाबाट मुक्त छ, त्यस्तै निर्वाण पनि सबै स्व र परबाट स्वतन्त्र हुन्छ ।''

''अहो, गजब छ, नागसेन भन्ते, गजब छ ! त्यस्तो पो रहेछ निर्वाण ! तपाईंले जे जति भन्नुभयो त्यो कुरालाई मैले सहर्ष मानें भन्ते !''

निर्वाणको सकारात्मक पक्षको अर्थ भनेकै धर्मका तीन प्रमुख अंगहरू – शील, समाधि र प्रज्ञाको पूर्णता हो । यसको साथै दस संयोजनहरूको पूर्ण त्याग पनि हो । ती दस संयोजनहरू यिनै हुन् –



क) सक्कायदिट्ठि – आत्मा छ भन्ने अन्धविश्वास,

ख) विचिकिच्छा (शंका उपशंका),

ग) सिलब्बतपरामास (निरर्थक कर्मकाण्डमा भुल्नु),

घ) कामराग (इन्द्रियजन्य लोभमा रम्नु,)

ङ) व्यापाद (क्रोध, घृणा, ईर्ष्या),

च) रूपराग (रूपादि भौतिकतामा तृष्णा हुनु),

छ) अरूपराग (अभौतिकतामा तृष्णा जाग्नु)

ज) मान (अभिमान, घमण्ड),

झ) उद्धच्च-कुकुच्च (शारीरिक र मानसिक चंचलता)

ञ) अविज्जा (अविद्या, यथार्थ प्रज्ञा ज्ञानको अभाव) ।

हामीजस्ताले विशुद्धरूपमा निर्वाणलाई यसै हो भनेर बुझ्नु सम्भव छैन किनभने यो तार्किकताको क्षेत्र (अतक्काविचर) भित्र पर्दैन । तर पनि जीवनको सकारात्मक र नकारात्मक पक्षलाई विचार गर्दै तर्कलाई अघि सार्न सकिन्छ कि जीवनमा खराबी छ भने त्यसको विपरितमा पनि केही त होला । निर्वाणलाई बुझ्ने एउटै मात्र बाटो भनेको मनलाई त्यो अवस्थासम्म विकसित गर्ने र वीर्य, पराकम र लगनशील भई आर्य अष्टांगिक मार्गको अनुशरण गर्दैजाने नै हो । यसो नगरिकन वा यसो गर्न अगावै निर्वाणलाई बुझ्ने भनेको चिनीको स्वादै नलिई चिनीको स्वाद थाहा पाउने जस्तै हो अथवा प्रसुतिको अवस्था पारै नगरी प्रसुतिको व्यथाको अनुभव गर्नु जस्तै हो ।



Downloaded from http://dhamma.digital/

## (३)

इन्द्रियद्वारा थाहा पाउन नसकेकै कारणले निर्वाण नै छैन भन्नु अथवा यो अस्तित्वहीन अवस्था हो भन्नु जन्मान्धले देख्न नसकेकै कारणले प्रकाशको अस्तित्व नै छैन भन्नुजस्तै अतार्किक कुरा हो ।

तल दिइएको दन्त्यकथाले हामी संसारी अथवा पृथकजनले निर्वाणको स्वभावलाई बुझ्न नसक्ने अवस्थाको चित्रण गर्दछ ।

एकसमयमा एउटा पोखरीमा एउटा माछा र एउटा कछुवा बस्दथ्यो । माछा सदा पानीमा मात्र बस्ने भएकोले उसलाई बाहिरफेरको कुरा केही पनि थाहा थिएन । एकदिन माछा पानीमा पौडिरहेको बेलामा साथी कछुवासँग उसको भेट भयो । त्यो कछुवा भर्खरै जमिनको भ्रमण गरेर फर्केको थियो । यो कुरा माछालाई सुनाउँदा छक्क परेर माछाले भन्यो, "सुख्खा जमिन' रे ! तिमीले यो के भनेको 'सुख्खा जमिन' भनेर ? मैले त त्यस्तो वस्तु देखेकै छैन । कहाँ हुन्थ्यो 'सुख्खा जमिन' ? अहँ, म त पत्याउनै सक्दिन ।"

त्यस कछुवाले भन्यो, "भैगो, नपत्याए । तिमी स्वतन्त्र छौ । तर म त जमिनमै पुगेर आउँदै छु ।"

माछाले भन्यो, "चाहिने कुरा पो गर्नुपर्छ । ल, भैगो, तिमीले भन्दैगरेको त्यो 'सुख्खा जमिन' के हो त ? के त्यो भिजेको वस्तु हो ?"



"होइन, त्यो निथ्रुक्कै भिजेको वस्तु होइन ।" कछुवाले भन्यो ।

"के त्यो ताजा र शित्तल छ त ?" माछाले सोध्यो ।

"छैन, त्यो त्यस्तो ताजा र शित्तल पनि छैन ।" कछुवाको जवाफ थियो ।

"के त्यो छर्लङ्ग छ ताकि प्रकाश त्यसबाट छिर्न सकोस् ?"

"छैन, त्यो छर्लङ्ग पनि छैन । प्रकाश त्यसबाट छिर्न सक्दैन ।"

"के त्यो कोमल र मलिलो छ ताकि म त्यसमा मेरा कत्लाहरू चाली यताउति पौडिन सकूँ र मेरो नाक त्यसमा लुकाउन सकूँ ?"

"होइन, त्यो कोमल र मलिलो पनि छैन । तिमी त्यसमा पौड्न सक्दैनौ । '

"के त्यो नदीमा चल्छ वा बहन्छ ? के त्यो पानीको छालसँग सेतो फिंज निकाल्दै माथि आउन सक्छ ?"

"सक्दैन" कछुवाले जवाफ दियो, "त्यो छालसित तल माथि गर्न सक्दैन ।"

अनि त्यस माछाले 'होइन, छैन' भन्ने कुरा सुन्दासुन्दै वाक्क हुँदै सोध्यो – "यदि जमिन भनेको यिनीहरूमध्ये कुनै पनि होइन भने, त्यो हो के त ? त्यो त छँदै नभएको वस्तु भयो नि, होइन र ?"



Downloaded from http://dhamma.digital/

"अँ, तिमीले 'सुख्खा जमिन' भनेको यसरी छँदैछैन भन्ठान्छौ भने, ठीक छ, यसमा मेरो केही लाग्दैन । तर पानी के हो र जमिन के हो भन्ने थाहा भएकाले तिमीलाई कस्तो मूर्ख माछा होला भन्नेछन् किनभने तिमी आफूले कहिल्यै नदेखेको वा थाहा नभएको कुरालाई आफूलाई थाहा नभएकै कारणले छैन भन्दिन्छौ ।"

यो दन्त्यकथाले देखाउँछ कि न त त्यस कछुवाले, जसलाई जमिन र पानीको बारेमा राम्ररी थाहा छ, त्यस माछालाई जमिनको स्वभावको बारेमा बताउन समर्थ भयो, न त त्यस माछाले नै पानीको बारेमा जानकारी भए पनि जमिन के हो भन्ने बारे बुझ्न सक्यो । त्यस्तैगरी अरहन्तहरूले, जसलाई लौकिक र लोकुत्तर अवस्थाबारे परिचित छन्, लौकिक भाषा प्रयोग गरी लोकुत्तर अवस्थाबारे पृथक्जनहरूलाई बताउन समर्थ हुँदैनन्, न त पृथक्जनहरूले संसारी भाषाको माध्यमद्वारा लोकुत्तर अवस्थाबारे बुझ्दछन् । अतः हाम्रो शब्दकोषमा लौकिक वस्तुलाई अर्थ्याउने शब्हरू पाइएलान् तर निर्वाण लोकुत्तर अवस्था भएको कारणले पर्याप्त दृष्टान्त दिई बुझाउन सकिँदैन ।



## (४)

निर्वाण दुःखले रिक्त छ तापनि यो सुखले रिक्त छैन । यहाँ 'सुख'को अर्थ 'पूर्ण शान्ति, परम सुख, र जन्म-मरणले रिक्त' अवस्था हो भनेर बुझ्नुपर्छ । यहाँनिर यो कुरा पनि बुझ्नुपर्छ कि सुख पनि दुई थरीका हुन्छन् – एक इन्द्रियादिद्वारा अनुभूत गरिने सुख (वेदयित सुख) जुन वस्तुलाई देखेर, मधुर शब्दलाई सुनेर, मादक गन्ध चाल पाएर, स्वादिष्ट रस चाखेर, कोमल स्पर्श पाएर, अनि रमाइलो कल्पनामा डुबेर अनुभव गर्न सकिन्छ । अर्को किसिमले भन्नुपर्दा, यो सुख खानाबाट, लुगाबाट, गरगहनाबाट, रूपियाँ पैसाबाट पाइने सुख र प्रिय व्यक्तिको सानिध्यबाट पाइने सुख हुन् । बुद्धले जिज्ञासु उदायीलाई भन्नुभएको थियो – "इन्द्रियले थाहा पाउन सके जति सबै नै दुःख नै हुन् ।" त्यसैले भन्न सकिन्छ, यस्ता प्रकारका सुख जुन इन्द्रियद्वारा अनुभूत गरिन्छ, ती सबै दुःख नै हुन् । दोस्रो प्रकारको सुख 'विमुक्ति सुख' हो । यो सुख मात्र सम्पूर्ण दुःखबाट मुक्त सुख हो । यो सुख तब मात्र पाइन्छ जब वर्तमानको साथै भविष्यका सम्पूर्ण दुःखहरूको निरोध हुन्छ । यसरी मात्रै निर्वाण सुखको साक्षात्कार हुन्छ ।

निर्वाणिक सुखको प्रकृतिबारे जान्नुअघि विमुक्ति वा परित्याग वा मुक्तावस्थाबाट प्राप्त सुख भनेको यसै जीवनमा केबाट प्राप्त हुन्छ, त्यो कुरा हामीले जान्नुपर्छ । जब कसैलाई दाँत दुख्छ, दाँत दुखाइको पीडा मनमा अंकित हुन्छ । जब यो पीडा



Downloaded from http://dhamma.digital/

शान्त हुन्छ, पीडाबाट मुक्ति पाएँ भन्ने भावना पनि मनमा अंकित हुन्छ । यो पीडामुक्तिको सुखको अनुभूति त्यतिञ्जेलसम्म मात्र रहन्छ, जतिञ्जेल त्यस्तै अर्को पीडा उब्जिदैन । त्यस्तै इन्द्रियजन्य सुख क्षणिक स्वभावधारी हुन्छ । त्यसैले यस्ता सुखको कुनै अर्थ हुँदैन । यस्ता इन्द्रिय सुखको अको स्वभाव भनेको जब हामीमा सुखद् कुराहरूको बाहुल्यता रहन्छ, त्यस्तैखालको अर्को सुख आएमा हामी त्यसलाई बिर्सीदिन्छौं । तर विमुक्ति सुखको त्यस्तो स्वभाव हुँदैन । यो स्थायी, अक्षय र निरन्तर रहन्छ ।

राजगृहको एक खजाञ्चीको बारेमा एउटा कहानी चल्छ । त्यो खजाञ्चीलाई साह्रै टाउको दुख्छ । बुद्धको बैद्य जीवकले उसको टाउको दुखेको रोग निको पारिदिएमा के दिन्छौ भनी सोध्छ । त्यस खजाञ्चीले म मेरो सबै धनसम्पति तिमीलाई दिन्छु र तिम्रो दास पनि हुन्छु भन्दछ । यसबाट यो कुरा स्पष्ट हुन्छ कि दोस्रो प्रकारको सुखको कति महत्व रहेछ । मरणान्त बिरामी हुँदा मृत्युबाट बच्न आफ्ना सबै कुरा त्याग्न पनि पछि पर्दैन । त्यसैले असंख्य मृत्युहरूबाट छुट्कारा पाउने सुखको असली मूल्य कति हो अन्दाज नै लगाउन सकिदैन ।

निर्वाणजस्तो सर्वोच्च सुखावस्था अतुलनीय हुन्छ । यसको अन्दाजा हामी संसारमा असंख्य पटक जन्म लिई मृत्यु भई अथाह दुःख भोग गरेको कुरालाई विचारेर लगाउन सकिन्छ । प्रत्येकले यस्ता दुःखहरू अतीत कालमा कति भोगिसके, भविष्यमा पनि



भोग्नुपर्ने यस्ता दुःखहरूको गणना नै छैन । त्यसैले निर्वाणको साक्षात्कार नभएसम्म विभिन्न योनीहरूमा लिनुपर्ने जन्महरू अनगिन्ती हुन्छन् र अपरिहार्य पनि हुन्छन् । निर्वाणिक सुखको मात्रा र सत्वप्राणीहरूले पाइरहेको दुःखको मात्रामा तुलना नै हुन सक्दैन । ती एक अर्कामा विपरित छन् । त्यसरी नै निर्वाणबाट पाइने आरक्षण र दुःखको भयावह स्थिति पनि एक अर्कामा विपरित छन् । निर्वाणबाट पाइने शान्ति र दुःखबाट आउने खतरा पनि त्यस्तै हुन् ।

यो अनादि संसारमा, निःसन्देह सत्वले विभिन्न सुखहरूको पनि अनुभव गरिरहेकै छन् तर ती सुख भनाउँदा हराएर गई सिर्फ स्मृतिमा मात्र सीमित हुन पुगेका हुन्छन् । यसले पनि सावित गर्दछ, इन्द्रियजन्य सुख क्षणिक हो र यसले कुनै खास महत्व बोकेको हुँदैन । निर्वाण साक्षात्कार भए पछि जुन सुखको अनुभूति हुन्छ त्यो सुख सदा उस्तै रहिरहने र वास्तविक हुन्छ । यसको कहिल्यै व्यतिक्रम हुँदैन । त्यो सुख सदा उस्तै रहिरहन्छ ।

माथि भनिआएजस्तै निर्वाण एउटै मात्र यस्तो असंस्कृत अवस्था हो । यो कुनै हेतुबाट प्रभावित भई उत्पन्न भएको हुँदैन । यसका चार विशेषताहरू हुन्छन् । ती हुन् –

***क) निस्सरणट्ठ*** – दुःखको पूर्ण निरोध वा सम्पूर्ण ल्केशबाट पूर्ण मुक्ति । यसभन्दा पर दुःखकै राज हुन्छ ।

***ख) विवेकट्ठ*** – दुःख वा ल्केशले रिक्त । निर्वाण यिनीहरूसँग पूर्णतया असम्बद्ध रहन्छ । यसभन्दा पर शान्तिको



Downloaded from http://dhamma.digital/

नामोनिशान रहँदैन, दुःखबाट छुट्कारा छैन। राप र तापमा जसरी शित्तलता हुँदैन, प्रकाशमा अन्धकार रहँदैन त्यस्तै निर्वाणमा दुःख कष्ट, पीडा, शोक रत्तिभर पनि रहँदैन।

***ग) असंखतट्ठ*** – आरक्षा गरिरहनुपर्ने, विकास गरिरहनुपर्ने, उत्पन्न गराइरहनुपर्ने र मर्मत गरिरहनुपर्ने झन्झटबाट मुक्त। पञ्चस्कन्धमा आसक्त रहुञ्जेल मात्र यस्ता झन्झटबाट मुक्ति मिल्दैन। यस्ता झन्झटमा फसिरहनुपर्ने हुन्छ। आरक्षा गर्नु, ख्वाउनु पिलाउनु, जर्जरित हुनु र विनाश हुनुपर्ने स्थितिमा गुज्रिरहनुपर्ने हुन्छ। यसको विपरित निर्वाण संखत नभएको कारणले उत्पन्न हुनु, जर्जरित हुनु र विनाश हुनुपर्ने स्थितिबाट पूर्णतया अलग भएको हुन्छ। कुनै पनि हेतु र प्रत्यय त्यहाँ हुँदैन। यो अवस्था दुःखको विपरितावस्था हो, जसरी ताप शित्तलताको विपरितावस्था हो र प्रकाश अन्धकारको विपरितावस्था हो।

***घ) अमतट्ठ*** –यो शाश्वत हो। कर्मद्वारा उत्पन्न स्कन्धहरू निरन्तर बदलिरहन्छन् अतः त्यसमा मृत्यु-भय सदा रहिरहन्छ। तर निर्वाण, मृत्यु हुनु नपर्ने अवस्था हुनाले मृत्युबाट पूर्ण आरक्षण प्राप्त अवस्था हुन्छ।



फेरि निर्वाण यी तीन विलक्षण गुणले सम्पन्न हुन्छ जस्तै–

**क**) यो ध्रुव हो, **ख**) यो शुभ हो र

**ग**) यो सुख हो।

**क**) यो किन **शाश्वत वा ध्रुव** हो ? प्रत्येक विश्व ब्रम्हाण्डलाई यी दुई श्रेणीमा विभक्त गर्न सकिन्छ – कारणले प्रभावित ( संखत) र कारणले अप्रभावित (असंखत)। निर्वाण यो दोस्रो श्रेणीमा पर्दछ त्यसैले यो अजन्मा हो, अमर हो र शाश्वत वा ध्रुव पनि हो।

**ख**) यो किन **शुभ** हो ? यस विश्व ब्रम्हाण्डमा जति पनि चीज वस्तुहरू छन् ती सबै कारणसहितका (संखत) हुन्। यस्ता संखत वस्तुहरू सूक्ष्मदेखि स्थूलतमसम्म कुनै दुई क्षण पनि उस्तै नरहिकन निरन्तर बदलिरहन्छन्। राष्ट्रहरूको उत्थान र पतन, जीवनपर्यन्त गुज्रिरहनुपर्ने परिवर्तनशीलता, नाम र रूपको अनित्यता आदिले परिवर्तनशील जीवनको प्रकृतिको प्रमाण पेश गरिरहेका छन्। हेतुबाट निर्मित वस्तुको विनास अपरिहार्य हुन्छ। यो विश्वमा परिवर्तनशीलताको नियम नै चालु छ। त्यसैले यस्ता वस्तुहरू अशुभ (ग्रहण अयोग्य) हुन् र यसको विपरित कारणरहित असंखत वस्तुहरू शुभ (ग्रहणयोग्य) हुनैपर्छ।

**ग**) यो किन **सुख** हो ? हामीले अपनाउँदै आएका सुख इन्द्रियले मागेका सुख मात्र हो, अरू केही होइन। यस्ता सबै मागहरू पूर्ण नहुने खालका हुन् र यस्ता सुख अनित्य हुन्छन्।



Downloaded from http://dhamma.digital/

अनित्यताको शिकार भएका सुख कदापि सच्चा सुख हुँदैन, तर निर्वाणिक सुख न त पुरानो नै हुन्छ, न त हराउने नै हुन्छ। त्यसैले यसलाई 'सुख' भनिएको छ।

हाम्रो जीवनको प्रकृतिलाई सिंहलीमा जैन नीति कथामा आधारित यस कथामा यसरी चित्रण गरिएको छ –

"जंगलमा हात्तीले लखेटिएको एउटा मान्छे आफ्नो ज्यान बचाउन जंगलै जंगल भई दौडिरहेको थियो। ऊ एउटा गहिरो खाल्डोनिर आइपुग्यो। त्यहाँ लहराहरू त्यस खाल्डोमा झुण्डिएर तल खसिरहेको थियो। ती लहरामध्ये एउटामा झुण्डिएर त्यो मान्छे शरणको निमित्त त्यस खाल्डोमा अलि तलसम्म झऱ्यो। उसले त्यस खाल्डोको पिंढमा हेऱ्यो। त्यहाँ उसले विषालु सर्पहरू देख्यो। यसो माथितिर आँखा डुलाउँदा उसले त्यस हात्तीलाई सुँड उठाएर उसलाई नै पर्खिरहेको पायो। अनि उसले यताउति आँखा लगाउँदा उसले एउटा कालो र अर्को सेतो मुसाले आफू झुण्डिएको लहरा काट्दै गरेको देख्यो। त्यसैबेला महका थोपाहरू माथि रूखबाट लहराको बाटो भई जिउमा टप टप चुहिरहेको पायो। ती उपस्थित खतराहरूप्रति बेखबर भई उसले मुख बाउँदै महका थोपाहरूको स्वादको मजा लिइरह्यो।"

यहाँ काँढाले भरिएको **जंगल** भनिएको यही **संसार** हो, **लहरा** भनिएको **पुनर्जन्म** हो **हात्ती** भनिएको **मृत्यु** हो, **सर्पहरू** भनिएको **जरा व्याधि दुःखहरू** हुन्, र दुईटा **मुसाहरू** भनिएको



**दिन र रात** हुन्, अनि **महका थोपाहरू** भनिएको जीवनका **इन्द्रियजन्य सुखहरू** हुन्।

निर्वाणलाई परिभाषित गर्दै भिक्षु अनुरुद्धले आफ्नो 'अभिधम्मट्ठसंगह'मा भन्नुभएको छ – "निर्वाणलाई पारलौकिक अवस्था र लोकुत्तर अवस्था हो भनेर पनि मानिन्छ। यसलाई चार मार्गको अनुशरणद्वारा साक्षात्कार गर्न सकिन्छ। यो ती चार मार्ग र तिनका चार फलको परिणाम हो। यसलाई निर्वाण भनिएको छ। यसको अर्थ हो – वाण अथवा तृष्णाबाट पूर्ण मुक्ति।

यहाँ ती चार लोकुत्तर मार्ग र चार लोकुत्तर फलको बारेमा चर्चा गरिन्छ जुन आर्यजनहरूले एकपछि अर्को गरी प्राप्त गर्दछन्। मार्ग र फलको हिसाबले ती चार जोडा हुन्छन्।

**क**) स्रोतापति मार्ग र स्रोतापति फल। (निर्वाणको स्रोतमा परिसकेको बढीमा सात जन्म लाग्ने)

**ख**) सकृदागामी मार्ग र सकृदागामी फल। (एकपल्ट मात्र फर्कने)

**ग**) अनागामी मार्ग र अनागामी फल। (अब नफर्कने)

**घ**) अर्हत मार्ग र अर्हत फल। (पूर्ण मुक्तावस्था)

'मार्ग' भनेको विपश्यनाको माध्यमद्वारा निर्वाणको साक्षात्कार गरिलिने क्षणको लागि आवश्यक बाटो मात्र हो। 'फल' भनेको त्यस मार्गको अनुशरणको परिणामस्वरूप जुन चित्तक्षण उत्पन्न हुन्छ, त्यसको तुरुन्तै पछि प्राप्त हुने फल हो।



Downloaded from http://dhamma.digital/

**क)** स्रोतापति मार्गको अनुशरणबाट तीन संयोजनबाट छुट्कारा मिल्दछ, जसले सत्वप्राणीहरूलाई कामभूमिमा बाँधिराख्ने काम गर्दछ । ती तीन संयोजन हुन् –

अ) **सत्कायदृष्टि** (आत्मा छ भन्ने मिथ्या धारणा),

आ) **विचिकित्सा** (शंका, उपशंका र

इ) **शिलब्रतपरामास** (अन्धविश्वासयुक्त कुरीति र कर्मकाण्डमा अल्झिनु) ।

**ख)** दोस्रा मार्गको अनुशरणबाट चौथो र पाँचौं संयोजनलाई कमजोर पार्दछ । ती हुन् –

ई) **कामराग** (इन्द्रियजन्य कामना जाग्नु) र

उ) **व्यापाद** (रिस, घृणा, ईर्ष्या उत्पन्न हुनु) ।

**ग)** तेस्रो मार्गको अनुशरणबाट ती चौथो र पाँचौं संयोजनबाट पूर्णतया स्वतन्त्र होइन्छ ।

**घ)** चौथो मार्गको अनुशरणबाट यी पाँच संयोजनबाटै मुक्ति मिल्दछ –

ऊ) **रूपराग** (भौतिक स्थितिप्रतिको तृष्णा),

ए) **अरूपराग** (अभौतिक स्थितिप्रतिको तृष्णा),

ऐ) **मान** (अहंकार, घमण्ड),

ओ) **उद्धच्च-कुकुच्च** (चंचलता र पश्चाताप) र

औ) **अविद्या** सत्य ज्ञानको अभाव (अज्ञानता) । यसरी जम्मा दस संयोजन छन् ।



## (५)

यस विश्व ब्रम्हाण्डमा जति पनि स्थिति छन् ती सबैले आन्तरिक वा बाह्य, टाढाका वा नजिकका, माथिका वा तलका, निम्न वा उच्च भनी भिन्नता जनाउँछन् । विभिन्न कारणले गर्दा यस्ता स्थितिहरूले आफ्ना स्वरूप बदलिरहन्छन् र हामीले अनुभूत नै गरेका छौं कि ती कुनै पनि दुई क्षणसम्म उस्तै रहिरहँदैनन् । त्यसैले तिनले आफ्नै विनासको बीउ वा असारतालाई धारण गरिरहेका हुन्छन् । निर्वाणिक अवस्थालाई समय र स्थानको धारणा सन्निहित नभएको कारणले माथिका स्थितिभित्र समावेस गर्न मिल्दैन वा समावेस नै हुँदैनन् ।

जसरी आँखा हुनेले आकासको चन्द्रमालाई प्रष्ट देख्न सक्दछ, त्यस्तै निर्वाणलाई पनि प्रज्ञाको आँखाले चार मार्गमध्ये कुनैलाई पनि विकसित गरी देख्न सकिन्छ । जसरी अन्धोले चन्द्रमा देख्न सक्दैन, त्यस्तै शील, समाधि र प्रज्ञाको कहिल्यै पनि अभ्यास नगरेकाले निर्वाणलाई देख्न सक्दैन । तर पनि *समझदार र विद्वत पृथकजनले अनित्य, दुःख र अनात्मारूपी सत्यको भाविता गर्दै र केही मात्रामा नर्वाणको एक झलक भए पनि पाउन सक्दछन् ।*

अतः चार आर्यमार्ग र चार आर्यफलको लक्ष्य नै निर्वाण हो । यसलाई तर्कद्वारा पनि सिद्ध गर्न सकिन्छ कि निर्वाण नभएको भए यी मार्गफलहरूको प्राप्ति पनि सम्भव हुँदैनथ्यो ।



Downloaded from http://dhamma.digital/

निर्वाणको सकारात्मकता र विशेषतालाई इंगित गर्दै भगवान बुद्ध भन्नुहुन्छ, – "हे भिक्षुहरू, त्यस्तो पनि अवस्था हुन्छ जुन न त पृथ्वी धातु हो, न त आपो धातु हो, न त तेजो धातु हो, न त वायु धातु हो, न त स्थानविशेषको अनन्तता हो, न त चेतनाको अनन्तता हो, न त शून्यता हो, न त इन्द्रियद्वारा थाहा पाउन सकिने ज्ञान हो, न त इन्द्रियद्वारा थाहा पाउन नसकिने ज्ञान हो, न त यो विश्व नै हो न त अर्को विश्व नै हो । यस्तो हो निर्वाण । म त यो पनि भन्दछु, भिक्षुहरू, कि निर्वाण न त आउँछ, न त जान्छ, न त उभिन्छ,, न त यो मृत्यु नै हो, न त यो जन्म नै हो । यो प्रतिस्थापित नभएको स्थिति हो, यो कसैको अधिनस्थ नभएको स्थिति हो, यो आधारहीन स्थिति हो र यो सम्पूर्ण दुःखको परिसमाप्ति हो ।"

"भिक्षुहरू, यस्तो अवस्था पनि हुन्छ जुन अजन्मा हो, अनुत्पन्न हो, अनिर्मित हो, र असंस्कृत पनि हो । यदि यस्तो अवस्था नभइदिएको भए, जन्मेको, उत्पन्न भएको, निर्माण भएको, बनिएकोबाट आउने दुःखबाट बच्ने उपाय नै भेट्टिंदैनथ्यो । त्यसैले म भन्दछु, भिक्षुहरू, यस्तो अवस्था पनि छ जसमा जन्मेको, उत्पन्न भएको, निर्माण भएको र संस्कृतबाट आउने दुःखहरूको सदाको लागि अशेषरूपमा क्षय सम्भव हुन्छ ।"

जे भए पनि, हामीसँग यस्ता विश्वस्त प्रमाणहरू पनि मौजुद छन् । सारिपुत्र, मौगद्ल्यायनजस्ता बुद्धका कैयन शिष्यहरूको



जीवनीबाट थाहा लाग्दछ कि उनीहरूले त्यस अवस्थाको साक्षात्कार गरेथे । यदि निर्वाण नभइदिएको भए, ती चार आर्यमार्ग र चार आर्यफल प्राप्त गर्न सकिंदैनथ्यो । तर ती जसले यस अवस्थालाई अनुभूत गरिसके, तिनीहरूले खुलस्त बताएकाछन् कि तिनीहरूले निर्वाणिक सुखलाई प्राप्त गरी अक्षय सुखको भागिदार बनिसके ।

हुनत निर्वाण एउटै मात्र हुन्छ तर तार्किक उपचारस्वरूप **'सोपादिसेसनिब्बान'** र **'अनुपादिसेसनिब्बान'** भनी दुई प्रकारका निर्वाण हुन्छन् । ती दुई यिनै हुन् –

***क) सोपादिसेसनिब्बान*** – स्कन्धहरूसहित प्राप्त निर्वाण (सो=सहितको, उपादि = स्कन्ध, सेस = बाँकी रहेको) । यसलाई 'किलेसनिब्बाण' पनि भनिन्छ । यसको अर्थ हुन्छ – ल्केश (राग, द्वेष र मोह) समाप्त भएर प्राप्त निर्वाण । यसलाई यसरी पनि बुझ्न सकिन्छ – पञ्चस्कन्ध (शरीर) बाँकी रहे पनि सबै ल्केश निखिसकेको अवस्थाको प्राप्तिलाई 'सोपादिसेसनिब्बान' भनिन्छ । पुद्गलहरूले सबै कर्मसंस्कारहरू, सबै संयोजनहरू, सबै दुःखको साथै तीन अकुशल मूलहरूलाई क्षय गरी बाँचिरहेकै अवस्थामा यस प्रकारको निर्वाणलाई साक्षात्कार गर्न सक्दछन् ।

***ख) अनुपादिसेसनिब्बान*** – स्कन्ध पनि बाँकी नरहेको निर्वाण । अन = रहित अथवा नभएको, उपादिसेस = स्कन्ध बाँकी रहेको । बुद्धहरू, प्रत्येक बुद्धहरू र अर्हतहरूले मृत्युपश्चाद् अथवा ठीकसित



Downloaded from http://dhamma.digital/

भन्नुपर्दा परिनिर्वाणपश्चाद् यस प्रकारको निर्वाणको साक्षात्कार गर्दछन् । यसलाई 'अनुपादिसेसनिब्बाण अर्थात् 'खन्धपरिनिब्बाण' पनि भनिन्छ । यसको अर्थ हो – स्कन्धहरूको पनि क्षय भएको अवस्थाको निर्वाण । यसले जनाउँछ कि अब पुनः जीवन धारण गर्नुपर्दैन र नामरूपको क्रम अगाडि बढ्दैन ।

यसलाई बुद्धले यसरी भन्नुभएको छ – "हे भिक्षुहरू ! निर्वाणका दुई पक्ष हुन्छन् । ती के के हुन् भने ल्केश क्षय भइसकी शरीर मात्र बाँकी रहेको निर्वाण र ल्केश पनि शरीर पनि क्षय भइसकेको निर्वाण ।"

नागार्जुनको 'माध्यमिकावृति'लाई उद्धृत गर्दै चन्द्रकीर्तिले निर्वाणको परिभाषा आफ्नो कृति 'प्रशन्नपाद'मा यसरी दिएको छ –

"पहिलो निर्वाण ल्केशगणलाई प्रहाण गरेर प्राप्त गर्न सकिन्छ जस्तै सत्कायदृष्टि, अविद्या, रागादि इत्यादि .... । शेष रहने भनेको यिनै ल्केशशादि तत्वहरू नै हुन् । आत्मामा स्नेह पालिराख्नु नै यिनको सम्बर्द्धन गर्नु हो । शेष रहने कुरा आत्मप्रज्ञप्तिबाट सम्भव हुन्छ जुन उपादा-स्कन्ध-सर्वधर्म हुन् । बाँकी रहन आएकोलाई नै शेष भनिन्छ ।

त्यो कुन तत्व हो जसमा अझै पनि व्यक्तिगत वेदनाको अनुभवको शेष भन्ने कुरा रहिरहन्छ ? त्यो निर्वाण नै हो । त्यो शेष रहेको कुरा शुद्ध तत्वसहितको हुन्छ । यो अवस्थालाई त्यो सहरसँग



तुलना गर्न सकिन्छ जुन सहरमा सबै नै अपराधीहरूलाई फाँसीको सजाय दिइसकिएको छ । यस्तो निर्वाण जीवन छंदा नै अनुभूत हुन्छ जसमा केही व्यक्तिगत वेदनाको अनुभव शेष रहेको हुन्छ ।

त्यो निर्वाण जसमा त्यस शुद्ध तत्वसहित नदारद हुन्छ त्यो नै व्यक्तिगत वेदनारहितको निरूपादिशेस निर्वाण हो । यो अव्यक्तिगत भइसकेको हुन्छ । यसलाई त्यस सहरसँग तुलना गर्न सकिन्छ जुन सहरमा सबै नै अपराधीहरूलाई फाँसी दिइसकिएको छ र सहर आफै पनि विनष्ट भइसकेको अवस्थामा छ ।"

माथिकोमा थपुवा हुने गरी निर्वाणका अन्य तीन पक्षहरूको पनि वर्णन गर्न सकिन्छ –

**क)** **शून्यता** (केही नभएको स्थिति वा रिक्तपना) । सबै नै संस्कृत वस्तुहरू दुःखका द्योतक हुन् । यसप्रति प्रायः मानिसहरू अनभिज्ञ नै रहन्छन् । त्यसैले सच्चा सुखबाट उनीहरू प्रायः वञ्चित रहन्छन् । त्यसैले निर्वाण संस्कृत वस्तुबाट शून्य हुन्छ । निर्वाणले नै सच्चा सुख दिन्छ जुन अविनासी स्वभावधारी हुन्छ ।

**ख)** **अनिमित्त** (केही पनि निशान नभएको स्थिति) । सबै नै संस्कृत वस्तुहरू कुनै न कुनै निशानसहितका आकार प्रकारसहितका, नामसहितका यस्तै यस्तै हुन्छन् । तर्कना, कल्पना, मिथ्या धारणा, मिथ्या विचार त्यसबेला मात्र उब्जिन्छन् जब अनित्य तथा नासवानलाई नित्य र



Downloaded from http://dhamma.digital/

अपरिवर्तनशीलको रूपमा लिन्छन् । तर निर्वाण यस्तो कल्पना र भ्रान्तिरहितको अवस्था हो । यसमा इन्द्रियद्वारा ज्ञात हुने भन्ने कुरा केही पनि हुँदैन ।

**ग)** **अप्पनिहित** (कुनै पनि कामनाले रहित स्थिति) । सबै नै संस्कृत वस्तुहरू आसा, आकांक्षा, कामनासहितका हुन्छन् जसको परिणामस्वरूप दिक्क, हैरानी,, शोक, दुःख अपरिहार्यरूपमा गाँसिएर आउँछन् । तर निर्वाण यस्ता तत्वहरूदेखि पृथक हुन्छ । यसमा पूर्ण सन्तुष्ट हुने अवस्था हुन्छ । यसलाई पाउन कामना गर्नु पनि छैन र यसको पछि पछि कुद्नु पनि छैन ।



## (६)

निर्वाणलाई विधिवतरूपमा यी चार प्रमाणहरूमध्ये एक वा अन्यको सहायताले प्राप्त गर्न सकिन्छ –

**क)** **प्रत्यक्ष** (देखेर, सुनेर, अनुभव गरेर) । निर्वाणलाई चार आर्यमार्ग र चार आर्यफलको माध्यमद्वारा मात्र प्रत्यक्ष साक्षात्कार गर्न सकिन्छ । अभौतिकताको उपस्थितिलाई प्रमाणित गर्नु र थोरै कालको लागि मात्र भनेर प्रमाणित गर्नु र यस अवस्थामा आसक्त हुनु छैन भन्ने कुरा बुझ्नु आधुनिक विज्ञानको क्षमताभन्दा परको विषय हो । यस सम्बन्धमा, सांसारिक सुख भनेको इन्द्रियलाई फुस्ल्याउनु मात्र हो जसलाई हामी नामको लागि, यशको लागि, सम्पतिको लागि, शक्तिको लागि जतिसुकै घृणा र ईर्ष्याको शिकार हुनु परे पनि पाउन मरिमेट्छौं । सांसारिक सुख, त्यसैले, यसरी वा त्यसरी दुःखकै स्रोत बन्नपुग्दछ तर निर्वाण यसभन्दा निकै उच्चस्तरमा र निकै भिन्न छ । यो शान्त र कहिल्यै निरोध नहुने खालको छ । जब अकुशल मूल तत्वहरू लोभ, दोस र मोहलाई केही बेरको लागि दमन गरिन्छ, सच्चा सुखको आभास मिल्दछ । जब पाँच नीवरणहरू जस्तै कामाच्छन्द (लोभ), व्यापाद (क्रोध), थीनमिद्ध (आलस्यता, प्रमाद), उद्धच्च-कुकुच्च (शरीर र चित्तको चंचलता) र विचिकिच्छा (शंका, उपशंका) लाई हटाउँछौं, अनि ध्यानाङ्गहरूको विकास सजिलै हुन्छ ।



Downloaded from http://dhamma.digital/

अझ अगाडि बढ्दा, विपश्यनालाई विकसित गर्न सकिन्छ । फलस्वरूप निर्वाणको साक्षात्कार गर्न सकिन्छ । संक्षेपमा, तृष्णालाई हटाई निश्चितरूपमा प्रत्यक्ष ज्ञानद्वारा दीर्घ प्रतिक्षित गन्तव्य निर्वाणलाई साक्षात्कार गर्न सकिन्छ ।

ख) **आफूलाई हेरी गर्ने अनुमान** (स्वार्थानुमान) । 'प्रभाव'बाट 'कारण' यस्तो हो भन्ने अनुमान गर्न सकिन्छ । एक रूपको उपस्थितिबाट अर्को एक रूपको उपस्थितिलाई यसो हुनैपर्छ भनेर अनुमान गर्नु नियमसंगत नै हुन्छ । जस्तै कि यदि कसैले कुनै अकुशल कर्म गरेमा त्यसले अवश्य पनि नराम्रा फल भोग्नुपर्छ । त्यस्तै राम्रो कर्म गरेमा पनि राम्रै फल भोग्दछ । पहिलो र दोस्रो दुवै आर्यसत्य – दुःख आर्यसत्य र दुःख समुदय आर्यसत्य – दुवै सुनिश्चित छ र निःसन्देह प्रष्ट नै छ । त्यतिकै तलका अर्का दुई आर्यसत्यहरू – दुःख निरोध आर्यसत्य र दुःख-निरोधगामिनी आर्य मार्गसत्य पनि त्यतिकै सुस्पष्ट छन् भन्ने कुराको अनुमान गर्नु पनि नियमसंगत नै हुन्छ ।

ग) **अरूलाई हेरी गर्ने अनुमान** (परार्थानुमान) । तर्कद्वारा सारांश निकाल्नु सामान्य प्रक्रिया हो । प्रत्यक्ष सत्यको दर्शनद्वारा अप्रत्यक्ष सत्यको बारेमा तुलनात्मक अध्ययनद्वारा निष्कर्ष निकाल्नु पनि उचित नै मानिन्छ । यस तर्कमा आधारित भएर पनि निर्वाण छ भनेर निष्कर्ष निकाल्न सकिन्छ । यस



प्रमाणलाई सुमेध बोधिसत्वले काव्यात्मक शैलीमा यसरी भनेका छन् –

"दुःख छ तापनि,
सुख पनि पाइन्छ,
अतः भव अवश्य छ तापनि,
भव-निरोधको अवस्था पनि छ ।
ताप छ तापनि,
शित्तल छहारी पनि पाइन्छ,,
तीन प्रकारका आगो अवश्य छ तापनि,
निर्वाणरूपी जलको पनि उपस्थिति छ ।
अकुशल छ तापनि,
कुशल पनि त पाइन्छ,
जन्म छ तापनि,
जन्मै नहुने तत्वको पनि उपस्थिति छ ।"

घ) **शास्त्र प्रमाण** (आगम) । निर्वाणलाई ज-जसले साक्षात्कार गरे वा अनुभूत गरे तिनीहरूले भनेर गएका कुरा हामी संसारीहरूका लागि आधारभूत र विश्वसनीय हुन्छ । निर्वाणको त्यो अवर्णनीय सुख जसको वर्णन उनीहरूले गरेर गए, ती सबै जस्ताको तस्तै बुद्ध-वाङ्मय त्रिपिटकमा अद्यपि उल्लिखित छ । बुद्ध-शिक्षाका यस लिखित दस्तावेजको मूल्य र मान्यताको आधारमा पनि निर्वाणको अस्तित्वलाई स्वीकार्न सकिन्छ र त्यस अक्षय सुखबारे परिचित हुन सकिन्छ ।



Downloaded from http://dhamma.digital/

## (७)

दुई प्रश्न छन् जसलाई मानिसहरू बारम्बार सोध्ने गर्दछन् । तिनलाई पनि संक्षेपमा उत्तर दिनुपर्दछ होला । ती दुई प्रश्न हुन् –

**क**) निर्वाण कहाँ छ ? जसरी निभेको आगो वा रोकिएको हावा कहाँ स्थित छ भनेर बताउन सकिँदैन, त्यसरी नै निर्वाण पनि कुन भौगोलिक क्षेत्रमा अवस्थित छ भन्न सकिँदैन बरू यसलाई आवश्यक पूर्वाधारलाई पूर्ण गरेपछि आफैले साक्षात्कार गर्न सकिन्छ ।

नागसेन भन्तेले यस प्रश्नको उत्तर यसरी दिनुभएको छ– "पूर्व, पश्चिम, उत्तर, दक्षिण, माथि, तल र यताउति कहीँ पनि निर्वाण अवस्थित छैन तर पनि निर्वाण छ – शील पालन गरी, विपश्यना साधना गरी र प्रज्ञासमेत जगाई जसले आफ्नो जीवन ठीकसित बिताउँछ उसले मात्र यसलाई साक्षात्कार गरिलिन सक्दछ चाहे ऊ जुनसुकै देसमा बसोबास गरिरहेको किन नहोस् ।"

**ख**) के ले अथवा कसले निर्वाण प्राप्त गर्दछ ? अघि आगोको उदाहरणमा भनिएजस्तै इन्धन सिद्धिएर आगो निभ्दा के बाहिर जान्छ भनिएझैं प्रतिसन्धि चित्त उत्पन्न गर्ने तृष्णा क्षय हुनेवित्तिकै व्यक्तित्वको पनि त्यसरी नै इतिश्री हुन्छ । 'म' वा 'जीव'ले निर्वाण प्राप्त गर्ने होइन । यो त मात्र साक्षात्कार हुनु हो ।

यो 'व्यक्तित्व' भन्ने कुरा नाम र रूप अर्थात् चित्त र शरीर मिलेर उत्पन्न हुन्छ । वास्तवमा यो कुनै जीव होइन । यो त



'बन्नु' मात्र हो । अतः 'जीव भनेको चित्त र शरीरको निर्वाध बहाव मात्र हो । न त त्यहाँ सदा रहिरहने 'आत्मा' नै हुन्छ, न त त्यस्तो जीव नै हुन्छ, । निर्वाणमा कुनै 'म' वा 'जीव' भन्ने तत्व हुँदैहुँदैन ।

बुद्धले भन्नुभएको छ – "निब्बानं परमं सुखं" अर्थात् निर्वाण नै परम सुख हो । यो सम्पूर्ण संस्कारहरूको अशेष क्षय भएको अवस्था हो । यो कुरा बुद्धले बताउनुभएको तेस्रो आर्यसत्यबाट स्पष्ट हुन्छ । उहाँ भन्नुहुन्छ, "हे भिक्षुहरू, यो 'दुःख-निरोध आर्यसत्य' हो । यो सम्पूर्ण तृष्णाको निरोधावस्था हो । तृष्णाको पूर्ण प्रहाणावस्था हो (पटिनिस्सग) । यो विमुक्ति (मुक्ति। हो । यो अनासक्तावस्था पनि हो (अनालयो) ।"

यस सर्वोच्च अवस्थाको परिभाषा दिने प्रयत्न भएको छ तापनि यो अवस्था स्वयं आफैले अनुभव गरिलिनुपर्ने विषय हो । कुरा गर्ने, तर्क गर्ने, बहस गर्ने विषय होइन । किनभने यो लोकुत्तर अवस्था हुनाले यो 'अतक्कावचर' अर्थात् तर्कको सिमानाभित्र कैद छैन ।

मिलिन्द राजाले नागसेन भन्तेसँग सोध्नुहुन्छ – "कारण र प्रकृतिसहितका कर्मबाट उत्पन्न कुराहरू संसारमा देख्न सकिन्छ । मलाई बताइदिनुहोस्, कर्मबाट नउब्जिएको र कारण र प्रकृतिबाट अलग भएको संसारमा के छ ?"

"कर्मबाट अनुत्पन्न र कारण र प्रकृतिबाट अप्रभावित कुरा यिनै दुई छन् – एउटा आकास र अर्को निर्वाण ।"



Downloaded from http://dhamma.digital/

"भन्ते नागसेन, तपाईंले जुन आकास भन्नुभयो त्यो त ठीक छ, तर बुद्धले आफ्ना शिष्यहरूलाई अनेक उपायको अवलम्बन गरेर निर्वाणको साक्षात्कार गर्ने विधि बताउनुभएको छ तर पनि तपाईं भन्दै हुनुहुन्छ कि निर्वाण कुनै हेतु विना नै उत्पन्न हुन्छ ।"

"हो, यो सत्य हो, महाराज, तर उहाँले निर्वाणको उत्पति हुने हेतु त बताउनुभएन नि ।"

"भन्ते नागसेन, यदि निर्वाण साक्षात्कार गर्ने चाहनारूपी कारण नभइदिएको भए, निर्वाण पनि त साक्षात्कार हुने थिएन । भगवानले निर्वाणको उत्पति हुने कुनै न कुनै कारण त बताउनुभएको होला ।"

"होइन, भगवानले त्यसको कारण बताउनुभएको छैन । म तपाईंलाई एउटा कुरा सोध्छु, के कुनै मान्छे आफ्नो क्षमता प्रयोग गरेर हिमालको टुप्पामा पुग्न सक्दछ ?"

"सक्दछ, भन्ते ।"

"तर के त्यो मान्छेले आफ्नो क्षमताले त्यस पहाडलाई यहाँ लिएर आउन सक्दछ ?"

"त्यो कहाँ सक्दछ र, भन्ते ।"

"उसो भए, हे महाराज, निर्वाणको साक्षात्कार गर्ने तरिका त बताउन सम्भव हुँदो रहेछ नि, तर निर्वाण उत्पन्न हुने कारण भने बताउन असम्भव हुँदो रहेछ । के कुनै मान्छेलाई आफ्नो क्षमताको प्रयोगद्वारा डुँगामा चढी समुन्द्रको अर्को किनारामा पुग्न



सम्भव हुन्छ ?"

"हुन्छ, भन्ते ।"

"तर के त्यस मान्छेले आफ्नो क्षमताको प्रयोगद्वारा त्यताको किनारा यता ल्याउन सम्भव होला ?"

"सम्भव हुँदैन, भन्ते ।"

"त्यसो भए, हे महाराज, निर्वाणलाई पनि साक्षात्कार गर्ने विधि बताउन सम्भव हुन्छ, तर निर्वाणलाई उत्पन्न गर्ने कारण बताउन असम्भव नै हुन्छ । किन त ? किनभने निर्वाणिक अवस्था बन्ने प्रकृतिको होइन ।"

"भन्ते नागसेन, के निर्वाण निर्माण गर्न नहुने हो र ?"

"हो, महाराज, यो अनिर्मितावस्थाको हो । यो बनिएको होइन र कुनै पदार्थलाई प्रयोग गरेर कसैले बनाउन पनि सक्दैन । यो उत्पन्न भयो वा उत्पन्न भएन भनेर कसैले पनि भन्न सक्दैन, अर्थात् यसलाई उत्पन्न गर्नु छ अथवा यो न अतीत हो, न वर्तमान हो अथवा न भविष्य नै हो, अथवा यसलाई आँखा, कान, नाक, जिब्रो वा त्वचाबाट अनुत्भूत गर्न पनि सकिँदैन । यो इन्द्रियातीत अवस्था हो ।"

"यदि यो तपाईंले भन्नुभएजस्तै नै हो भने, भन्ते नागसेन, तपाईंले त निर्वाणलाई अस्तित्वमा नभएको वस्तुको रूपमा प्रस्तुत गर्नुभयो । निष्कर्ष हुन आयो – निर्वाण त छैन ।"

"महाराज, निर्वाण छ, निर्वाणलाई मनद्वारा अनुभूत गर्न



Downloaded from http://dhamma.digital/

सकिन्छ । पूर्ण विशुद्ध, उच्च, एकाग्र, वाधा व्यवधानरहित, लौकिक इच्छा आकांक्षाले शून्य भएका आर्य पुद्गलले मात्र निर्वाणलाई देख्दछ ।''

''तर, भन्ते नागसेन, निर्वाणलाई चित्रण गर्न सकिने त्यस्तो कुनै उपमा छ ? मलाई कारण र प्रमाणसहित आश्वस्त तुल्याउनुहोस् ।''

''महाराज, के हावा भन्ने वस्तु साँच्चै छ त ?''

''छ, किन छैन, भन्ते ।''

''उसोभए, बताउनुहोस्, हावा पातलो छ कि मोटो छ, लामो छ कि छोटो छ ?''

''ए, त्यो त बताउन सम्भव छैन, किनभने हावालाई हातमा समाउन सकिंदैन, न त यसलाई छुन नै सकिन्छ । तर पनि हावा त छँदै छ ।''

''यदि, हे महाराज, हावालाई देखाउन सकिंदैन भने त भन्नैपर्छ हावा त छैन ।''

''मलाई थाहा छ हावा छ, भन्ते, यसमा मलाई पूर्ण विश्वास छ, तर पनि म हावालाई देखाउन सक्दिन ।''

''त्यसैले हे महाराज, म पनि भन्दछु, निर्वाण छ । तर यसको रंग र आकार भने देखाउन सम्भव छैन ।''

''ठीक भन्नुभयो, भन्ते नागसेन, राम्रो उपमा दिनुभयो, यसलाई राम्ररी बुझें । ए, निर्वाण त रहेछ । मैले तपाईंले जस्तो भन्नुभयो त्यसलाई स्वीकारें ।''



## (८)

माथिको चर्चाबाट हामीले बुझ्यौं कि निर्वाणको अर्थ त 'अकुशल मूल – राग, द्वेष र मोह' का जरालाई छिन्नभिन्न पारी यताउति छरिने गरी उडाएर लगिसकेको स्थिति रहेछ ।

एकपल्ट एकजना बटुवाले सारीपुत्र भन्तेसित भन्नुभयो– ''भन्ते सारीपुत्र, सबैजना 'निर्वाण', 'निर्वाण' भनेर भन्दछन्, आँखिर निर्वाण हो के ?''

***<u>''राग, द्वेष र मोहबाट जुन अलग छ, त्यही निर्वाण हो ।''</u>***

''के यसलाई साक्षात्कार गर्ने कुनै बाटो वा विधि छ ?''

''छ, यही आर्य अष्टांगिक मार्गको अनुशरण नै यसलाई साक्षात्कार गर्ने विधि हो । तर यो मार्गमा हिंड्न लगनशीलताको जरूरत हुन्छ ।''

हामीले खास त्याग्नुपर्ने भनेकै तृष्णा हो । यसै त्यागबाट निर्वाणको साक्षात्कार हुन्छ । बुद्धले भन्नुभएको छ, – ''यसलाई निर्वाण भनिएकै यसैले हो कि यो तृष्णाबाट सर्वथा विमुक्त हुन्छ ।''

''यसैले पनि कि हे आनन्द, त्यो विमुक्ति रस चाखेकाले यसरी देख्दछ – यही नै सच्चा र सर्वोच्च सुख हो । यो सबै द्वेषादिबाट मुक्त छ, आस्रवबाट रिक्त छ र यो सबै तृष्णाजन्य कियाकलापहरू निरूद्ध भएको स्थितिमा हुन्छ ।''

यसलाई एउटा उपमाद्वारा बुझ्नुपर्दा, जबसम्म बिजुलीको



Downloaded from http://dhamma.digital/

करेन्ट चालु रहन्छ, त्यतिबेलासम्म पंखा चलिरहन्छ । करेन्ट रोकिंदा, पंखा बन्द हुन्छ । त्यसरी नै जब तृष्णा टक्क रोकिन्छ, पुनर्जन्मको पुनरावृति पनि रोकिन्छ । तर यो प्रश्न सोध्नु अनर्थक हुन्छ कि परिनिर्वाणको प्राप्तिपछि त्यस व्यक्तिको के अवस्था हुन्छ ? यो प्रश्न यसरी सोध्नु र करेन्टको स्वीच बन्द गरेपछि त्यो पंखाको अवस्था के हुन्छ भनेर सोध्नु बराबर हुन्छ । यसलाई झ्याप्पै निभेको बत्तीसँग पनि तुलना गरिएको छ ।

बुद्ध-शिक्षाको यो गन्तव्य 'मोक्ष' सँग तादात्म्यता राख्दछ । फरक यति मात्र हो कि निर्वाण कुनै अर्को वा बाह्य शक्तिमा निर्भर हुँदैन, पूर्णतया आफ्नै पुरुषार्थमा निर्भर रही प्राप्त गरिएको हुन्छ । अर्हतको मृत्युपश्चाद् उसको गति के हुन्छ ? ऊ विनष्ट भयो नै भनेर ठोकुवा गरी भन्न त सकिंदैन जुन प्रतिपक्षीले तार्किक जवाफको रूपमा तेर्स्याउने गर्दछन्। आत्माबारे बौद्ध धारणा वरिपरि यस्ता तर्कहरू अवतरण हुन्छन् कि सम्भवतः व्यक्तिका कुनै पनि अंगहरूलाई आत्माको रूपमा लिन सकिंदैन । त्यसैले विनष्टै भएको भनेर भन्न सकिंदैन । पश्चिमतिर, प्लेटोले प्रतिपादन गरेका सिद्धान्तको अनुशरण गर्दछन् कि आत्मा भनेको चेतनाकै समानार्थक हो जुन अपरिवर्तनशील र अमर हुन्छ । यो विचारलाई बुद्ध-धर्ममा मान्यता दिईंदैन तर यो विचार हिन्दू-धर्मको 'आत्मा' छ भन्ने सिद्धान्तसँग धेरै मेल खान्छ ।

निर्वाण त्यो स्थायी अवस्था हो जसलाई यो अवस्था प्राप्त व्यक्तिले मात्र प्राप्त गर्न सक्दछ र अनुभूत गर्न सक्दछ । "के



निर्वाणमा कुनै चेतना तत्व हुन्छ ?" भन्ने प्रश्नको उत्तर यसरी दिइन्छ, "अहं, त्यस्तो केही हुँदैन बरू त्यहाँ निर्वाणिक सुखको मात्र अनुभूत हुन्छ ।" यो नै अन्तिमावस्था हो र यसभन्दा पर अन्य केही हुँदैन । अर्हतको परिनिर्वाणको सम्बन्धमा बुद्धले भन्नुभएको छ, – " निर्वाण प्राप्त साधक तृष्णारहित हुन्छ, अमरत्व पाइसकेको हुन्छ, पूर्ण र अक्षय सुखको अवस्था प्राप्त गरिसकेको हुन्छ र निर्वाणको अटल अवस्थामा अवस्थित भइसकेको हुन्छ ।"

निर्वाण मानसिक उद्वेगरहित अवस्था हो यो अवस्था प्राप्तिको बाटो भनेको कुनै पनि इच्छा आकांक्षा नपाली भावशून्य हुनु हो । भनिन्छ, भावशून्य हुनुबाटै साधक बन्धनबाट मुक्त हुन्छ । तर पनि निर्वाणको समानार्थमा यसलाई निरोध, निःशरण, आत्म-समर्पण, छुट्कारा वा अनासक्ति पनि भनिन्छ । सही अर्थमा, निर्वाण दुःख-निरोध आर्यसत्य नै हो । तर जब निर्वाणको साक्षात्कार हुन्छ, तृष्णा समाप्त भइसकेको हुन्छ, । अतः ***यसलाई कुनैमा पनि नटाँसिनु भनिन्छ र यो दुःख-निरोधकै अवस्था हो ।*** जब निर्वाणको प्राप्ति हुन्छ, त्यहाँ निःशरण हुन्छ र कुनै पनि इन्द्रिय सुखमा टाँसिने स्वभाव शेष रहँदैन त्यसैले पनि यसलाई निःशरण, आत्म-समर्पण, छुट्कारा वा अनासक्तिको संज्ञा दिइन्छ । यसको विशिष्टता पूर्ण शान्ति हो, यसको स्वाद भन्नु नै नित्यता हो, यसको प्रमाण भन्नु नै शून्यता हो र यसको स्वभाव अभेद्य हुन्छ ।



Downloaded from http://dhamma.digital/

## (८)

बुद्ध-धर्मलाई नास्तिक र अर्थहीन हो भन्नेहरूको शंका निवारण गर्नको लागि आचार्य बुद्धघोषले प्रश्नोत्तरद्वारा निर्वाणबारे प्रष्ट्याउनुभएको छ।

***प्रश्न नं १) के निर्वाण अस्तित्वहीन छ ? किनकि यो खरायोको सिंगझैं अज्ञात छ।***

***उत्तर*** – होइन, यसो भन्न सकिंदैन किनकि यसलाई सम्यक उपायद्वारा जान्न सकिन्छ। यसलाई जान्न उचित साधनको प्रयोगद्वारा उसरी जान्न सकिन्छ जसरी सांसारिक विचारलाई मनमा रहेका ज्ञानद्वारा जान्न सकिन्छ। अतः यसलाई बुझ्नै सकिएन भन्दैमा यसको अस्तित्व नै छैन भन्नु उचित हुँदैन। त्यस्तै कुनै कुरालाई एउटा मूर्खले बुझेन भन्दैमा त्यो कुरा नै गलत हो भन्न हुँदैन।

अतः, निर्वाण नै छैन भन्नु हुँदैन। किन त ? किनभने यसो भएमा धर्मका बाटाहरू नै उजाड भइदिन्छ। यदि निर्वाण छैन भने, आध्यात्मिक उन्नति नै अवरूद्ध हुनेछ र आर्यमार्गका तीन खुड्किलाहरू जुन शीलबाट प्रारम्भ हुन्छ र सम्यक दृष्टिले अगुवाइ गर्दछ ती पनि अवरूद्ध हुन्छन्। यो मार्ग उजाड छैन किनभने यसले निर्वाणसम्म पुऱ्याउँछ र साक्षात्कार पनि गराउँछ।



***प्रश्न नं २) तर त्यस मार्गमा हिंड्ने कोही हुँदैन किनभने त्यहाँ पुग्नेको ल्केशहरू निःशेष भइसकेर पञ्चस्कन्ध समेत निरूद्ध भइसकेका हुन्छन्।***

***उत्तर*** – त्यसो होइन, अतीत र अनागत स्कन्ध नभए पनि निर्वाणमा पुग्न सकिंदैनथ्यो।

***प्रश्न नं ३) अनि वर्तमान स्कन्धको पनि त उपस्थिति भएन नि ?***

***उत्तर*** – त्यसो पनि होइन, किनभने वर्तमान स्कन्ध नभइदिएको भए निर्वाणको प्राप्तिमा असम्भाव्यता उब्जिंन्थ्यो। फेरि निर्वाणमा वर्तमान स्कन्धको पनि उपस्थिति नभएको भए, निर्वाण-धर्मलाई उदय हुनुबाट अवरोध खडा हुन्थ्यो। वर्तमान स्कन्धले अतीतका संस्कारहरूलाई निराकरण गर्नुमा सहयोग गर्दछ।

***प्रश्न नं ४) उसोभए के निर्वाणमा ल्केशहरूको अनुपस्थितिमा कुनै दोष हुँदैन ?***

***उत्तर*** – त्यसो पनि होइन किनभने यसले त आर्य मार्गसत्यलाई नै झुठ्ल्याइदिन्छ, अर्थहीन पारिदिन्छ। किनकि यदि यसो भएमा आर्यमार्गको प्राप्तिभन्दा पहिले ल्केशहरूको उपस्थिति नै नभइदिएमा, आर्य मार्गसत्यको अस्तित्व नै हुँदैन, ती निरर्थक सावित भइदिन्छन्।

***प्रश्न नं ५) राग, द्वेष र मोहको विनास हुनु नै निर्वाण हो भनिएपछि के निर्वाण विनासकारी भएन र ?***

***उत्तर*** – त्यसो हुँदैन, किनभने यसको अर्थ हुन आउँछ अर्हत फल



Downloaded from http://dhamma.digital/

पनि विनास हो । यहाँ विनास हुन्छ भन्नु सिर्फ कुरा बुझाउन मात्र प्रयोग भएको हो ।

अझ भन्नुपर्दा यदि निर्वाण छोटो अवधिको लागि मात्र हो भनेर भनिएमा पनि यसलाई दोष लाग्दछ । यसो भएको खण्डमा छोटो अवधिको लागि सिद्ध भएको निर्वाण वास्तवमा यसको विशेषता नै संस्कृत-धर्मसहितको हुन्थ्यो र कुनै सम्यक परिश्रम नगरिकनै यसलाई प्राप्त गर्न सकिने हुन्थ्यो ।

***प्रश्न नं ६) यदि विमुक्तिपछि अन्य प्रकियाको हनन हुने भए निर्वाणको अस्तित्वमा दाग लाग्दैन र ?***

***उत्तर*** – लाग्दैन । किनभने विमुक्तिमा यस्तो केही हुँदैन । यदि यसो भएको भए हामीले भन्दैआएका ल्केशरूपी दागबाट त्राण पाइँदैनथ्यो । आर्य मार्गको अनुशरणबाट निर्वाणको अस्तित्व सिद्ध हुन आउँछ । आर्य मार्गले नै ती दागहरूको प्रक्षालन हुन्छ त्यसैले पनि विमुक्ति भनिएको हो । यसभन्दा अर्को दाग हटाउने उपाय छैन । विमुक्ति यसैले पनि भनिएको हो कि यो दुःखबाट पूर्ण मुक्ति दिने कारक तत्व हो जसले पुनः पुनः जन्म लिनुपर्ने कारणमा पूर्ण रोक लगाउँछ ।

***प्रश्न नं ७) निर्वाणलाई विस्तृतरूपमा स्पष्टसँग किन नबताइएको होला ?***

***उत्तर*** – यसको सूक्ष्मतमताको कारणले गर्दा यसो भएको हो ।



त्यही सूक्ष्मताको कारणले नै बुद्धलाई अधिष्ठानमा टिक्न सफल बनायो र प्रज्ञादृष्टिले हेर्न सिकायो । यसलाई हेर्न आर्य-चक्षु परमावश्यक हुन्छ ।

जसले मार्गलाई अपनाउँछ, ऊ नै निर्वाणको हकदार बन्दछ । सबैजना यसको हिस्सेदार बन्न सक्दैनन् । यो अनिर्मित हो । यसको प्रारम्भ हुँदैन र यसको स्रोत पनि हुँदैन ।

***प्रश्न नं ८) यदि यसको मार्गको अस्तित्वको कारणले निर्वाणको अस्तित्व छ भनेर मान्ने हो भने के यसको स्रोत छैन ?***

***उत्तर*** – छैन, किनभने मार्गरूपी साधनले यसलाई उत्पन्न गर्न सकिदैन । यसलाई मार्गको अनुशरणले मात्र साक्षात्कार गर्न सकिन्छ, उत्पन्न भने गर्न सकिंदैन । त्यसैले यसको स्रोत हुँदैन । यो जीर्ण हुँदैन र मर्दैन पनि । स्रोत नभएको कारणले नै यसले अजरत्व र अमरत्व पाएको हुन्छ । यो ध्रुव हो, नित्य हो ।

यसले भौतिक आकार पाएको हुँदैन । यो आकारविहीन र अभौतिक हो । बुद्धको लक्ष्य एउटै मात्र हो, विविध होइन । एउटै मात्र लक्ष्य भनेको निर्वाण हो । अर्हतले प्राप्त गरेको यस निर्वाणलाई प्रथमतः पञ्चस्कन्धसहितको (सोपादिशेष निर्वाण) भनिन्छ । यसको अर्थ आफूमा रहेको ल्केशलाई पूर्णतया हटाइसकेको स्थिति हुन्छ । स्कन्धहरू मात्र पूर्व संस्कारको कारणले रहिरहेको हुन्छ । तर जब कर्मको अन्तिम फलको प्रभाव पनि निष्कृय भएपछि र उपादान स्कन्ध को प्रकियाको उदय नभएपछि पञ्चस्कन्धको उदय पनि



Downloaded from http://dhamma.digital/

रोकिन्छ । त्यसलाई नै पञ्चस्कन्धरहितको (अनुपादिशेष निर्वाण) भनिन्छ । अर्हतको लागि, पञ्चस्कन्ध पनि बाँकी नरहेको हुनाले यसलाई 'अब कुनै पनि स्कन्ध बाँकी रहेन' भन्ने संज्ञा दिन सकिन्छ ।

निर्वाणलाई असीम वीर्यद्वारा उच्च प्रज्ञा विकसित गरेर साक्षात्कार गर्न सकिन्छ किनभने तथागतले यसको अस्तित्वलाई स्वीकारेर नै यो 'अस्तित्वहीन होइन' भन्नुहुन्छ। उहाँ यसरी भन्नुहुन्छ, – "भिक्षुहरू, अजन्मा, अनिर्मित, असंस्कृत र अमर तत्व पनि छ। त्यो नै 'निर्वाण' हो।"

अतः सत्वको उत्पतिको सम्पूर्ण हेतुहरूको निराकरणको साथै सम्पूर्ण आस्रवहरूको क्षयलाई नै निर्वाणको संज्ञा दिइएको छ जुन परम शान्ति र स्वतन्त्रताको प्रतीक हो र यो सर्वोच्च र अक्षय सुख पनि हो ।

**समाप्त**

**भवतु सब्ब मंगलं ।**



# केही कठिन लाग्ने शब्दहरुको अर्थ

१) निर्वाण = तृष्णा शून्य,, दुःख-मुक्ति, अक्षय सुख, अमरत्वको अवस्था ।
**Total freedom from suffering**

२) साक्षात्कार = प्राप्त गरिलिनु, दर्शन गर्नु भेटघाट, प्रत्यक्ष सामिप्य ।
**Attain, meet, experienced**

३) निरोध = समाप्त, निमित्यान्न, पूर्ण मुक्ति, परिसमाप्ति,
**Cessation, totally freed**

४) अनासक्त = नटाँसिनु, तृष्णाबाट मुक्त, आसक्त नहुनु, विकारबाट पूर्ण मुक्ति ।
**Unattached**

५) तृष्णा = लोभ, लालच, राग, द्वेष, कोध, घृणा, मोह,
**Craving, long for**

६) विपुल = धेरै, ठूलो, ज्यादा परिमाण, प्रशस्त, विस्तृत,
**Enormous, big amount of**

७) पञ्चस्कन्ध = रूप, विज्ञान, संज्ञा, वेदना र संस्कारको पञ्च समूह ।
**Five groups of exisitence**

८) नागसेन = काश्यप बुद्धको पालाको एक प्रभावशाली उपदेश शैली भएका, तीक्ष्ण बुद्धि र प्रतिभा भएका एक अर्हत भिक्षु ।
**Name of a monk**



Dhamma.Digital
Downloaded from http://dhamma.digital/

९) मिलिन्द = भिक्षु नागसेनले उनका सम्पूर्ण शंका सन्देह समाधान गरेपछि बुद्धशासनमा प्रव्रजित भई केही समयमै अर्हन्त भएका एक ग्रीस (यवन) राजा ।
**Name of a king of Greece**

१०) अग्राह्य = ग्रहण गर्न अयोग्य, लिन र जम्मा गर्न नहुने, त्याज्य ।
**Not liable to accumulate**

११) तादात्म्य = घनिष्टता, सम्बन्ध, एक अर्कामा मिल्ने, मेल, मिश्रण ।
**Relationship**

१२) कामतृष्णा = भौतिक सुख सम्पतिको चाहना र त्यसमा टाँसिनु ।
**Craving for pleasure**

१३) भवतृष्णा = फेरि फेरि जन्मी सांसारिक सुख भोगिरहन चाहने तृष्णा ।
**Craving for existence**

१४) विभवतृष्णा = यही मात्र जन्म हो अरू जन्म छैन भनी मनपर्दी बाँच्ने धारणा ।
**Craving for no existence**

१५) सिनो (सिनु) = लास, मरेको प्राणी, मुर्दा ।
**Dead body, corpse**

१६) विमुक्ति = पूर्ण छुट्कारा पाउनु, मुक्त हुनु, निःशेष हुनु, पूर्ण स्वतन्त्र हुनु ।
**Emancipation from suffering**

१७) क्षुधा = भोक, भौतिक एवं अभौतिक आहाराको आवश्यकता हुनु ।
**Hunger, wanting for food**



१८) अजय = जित्न नसकिने, कहिल्यै नहार्ने, पराजित नहुने ।
**Undefeatable,**
**difficult to get victory over**

१९) अनन्त = अन्त नभएको, समाप्त नहुने, सिमाना नभएको ।
**Vast, no limit, having no ending**

२०) अतुलनीय = दाँज्न नसकिने, तुलना नै हुन नसकिने अनुपम, बराबर नहुने ।
**Uncomparable, Uncompatible**

२१) संयोजन = वन्धन, बाँधिराख्ने, फुत्कनै नसकिने गरी कसिराख्ने, जोरिने ।
**Binding**

२२) प्रसुति = सुत्केरी, बच्चा जन्म हुने अवस्था, प्रसव ।
**Delivery (child)**

२३) जन्मान्ध = जन्मैदेखिको अन्धा, जन्म भएदेखि आँखा नदेख्ने ।
**Blind by birth**

२४) लोकुत्तर = लोकभन्दा परको, पारलौकिक, अलौकिक, संसारभन्दा पर ।
**Supramundane**

२५) सानिध्य = समीप, सामिप्य, नजिक, सन्मुख ।
**Nearness, togetherness**

२६) जिज्ञासु = जान्न इच्छुक, थाहा पाउन लालयित, जान्न उत्सुक ।
**Inquisitive,**
**having eagerness to know**



Downloaded from http://dhamma.digital/

२७) बाहुल्यता = संख्यात्मक दृष्टिले बढी, धेरै मात्रामा, प्रचुर मात्रामा, अधिकता ।
**In abundance**

२८) अक्षय = कम नहुने, क्षय नहुने, नास नहुने ।
**Undestructible**

२९) अपरिहार्य = पन्छाउन नमिल्ने, चाहिहाल्ने, नभइनहुने, त्याग गर्न नसकिने ।
**That cannot be avoided**

३०) व्यतिक्रम = कम हुने, घट्दैजाने, न्यून हुँदैजाने, क्रमभङ्ग हुने, वाधा, विघ्न ।
**Decreasing, minimizing**

३१) असंस्कृत = नबनेको, संश्लेषन नभएको, एकत्रित नभएको ।
**Unmade, uncreated**

३२) जर्जरित = जर्जर हुने, पुरानो हुने, बिग्रिंदैजाने, बूढो हुँदैजाने ।
**Having been old**

३३) प्रत्यय = सहायक कारण, मूल कारणलाई भर दिने अर्को कारण ।
**Sub-causes**

३४) हेतु = मूल कारण जसबाट कुनै घटना वा कार्य हुन्छ ।
**Main cause**

३५) शाश्वत = संधै विद्यमान रहने, संधैं उस्तै रहने, नबदलिने स्वभाव ।
**Remaining for ever**

३६) ब्रम्हाण्ड = अन्तरीक्षमा विद्यमान ग्रह नक्षत्र र अनन्त लोक र भुवनलेयुक्त विश्व र तिनमा रहेका वस्तु वा प्राणीसहितको संसार ।
**Universe, world of stars, planets and creatures**



३७) अजन्मा = नजन्मेको, नबनेको, असंस्कृत, अनुत्पन्न,
**Not having been born, Unborn**

३८) अमर = नमर्ने, विनास नहुने, कहिल्यै क्षय नहुने अवस्था ।
**Deathless state**

३९) सूक्ष्म = अत्यन्त झिनो, मसिनो, थाहा पाउन एकाग्र हुनुपर्ने ।
**Subtle**

४०) स्थूल = ढिक्को, ठूलो, मोटो, प्रष्टै देख्न अनुभव गर्न सकिने, भद्दा ।
**Gross**

४१) अनित्य = बदलिरहने, नित्य नहुने, उस्तै नहुने, परिवर्तन हुने ।
**Impermanent**

४२) असार = सार नभएको, महत्व नभएको, गुदी केही नभएको, रित्तो ।
**Meaningless, Essenceless**

४३) सन्निहित = मिलेको, सम्मिलित भएको, युक्त भएको, गाभिएको,
**Included**

४४) अनुत्पन्न = उत्पन्न नभएको, नबनेको, सृष्टि नभएको, नजन्मिएको ।
**Unproduced, Unborn**



Downloaded from http://dhamma.digital/

४५) तर्किक = तर्कद्वारा सिद्ध, युक्तिपूर्ण, छलफलद्वारा निष्कर्ष निकाल्नु ।
**Reasonable, Proved by reason**

४६) निखिसकेको = सकिसकेको, केही बाँकी नरहेको, समाप्त भइसकेको ।
**Finished, ended, emptied**

४७) पुद्गल = व्यक्ति, मानिस, तृष्णा बाँकी भएको मान्छे, पृथकजन ।
**Person (Ignorant)**

४८) ल्केश = विकार, चित्त मैल, राग, द्वेष र मोहको गाँठो ।
**Defilement**

४९) अनभिज्ञ = थाहा नपाएको, नजानेको, ज्ञान नभएको, मूर्ख ।
**Unknown, Ignorant**

५०) अविनासी = विनास नहुने, नबिग्रिने, नभत्किने, उस्तै रहने ।
**Undestructible**

५१) पृथक = फरक, यही होइन अर्को, भिन्न, अलग्गै ।
**Different, unequal, yet to be trained (person)**

५२) आभास = महसुस, यस्तो हो कि भन्ने लाग्ने, झझल्को, भान ।
**Feeling**

५३) विपश्यना = विशेषरूपले हेर्नु, जस्तोको तस्तै देख्नु, प्रतिक्रिया नगरिकन हेर्नु, (यहाँ 'हेर्नु' को अर्थ 'अनुभव' गर्नु हो ।)
**Insight meditation**



५४) त्रिपिटक = तीन टोकरी – सुत्तको, विनयको र अभिधर्मको ।
**Three baskets of knowledge**

५५) निर्वाध = वाधा नभएको, रोकटोक नभएको, सुगम, निष्फिक्री ।
**Unbarred, without obstruction**

५६) संस्कार = चित्तको चेतनामार्फत गरिने कुशल अकुशल कर्म, बानी ।
**Volitional activity**

५७) प्रहाण = त्याग गर्नु, छोड्नु,, हत्याउनु, साथमा नराख्नु ।
**Throwing away**

५८) अनिर्मित = निर्माण नभएको, नबनेको, संस्कृत नभएको ।
**Unmade**

५९) आस्रव = मनको मैल, विकार, फोहर, पीप ।
**Mental impurity**

६०) उपमा = उदाहरण, दृष्टान्त, प्रमाण, तुलना गर्ने काम ।
**Example, Instance**

६१) आत्मा = कसै कसैको मतानुसार चित्तमा सदा रहिरहने अविनासी तत्व ।
**Soul, notion of ' I ', 'my', 'me'**

६२) आकांक्षा = इच्छा, ईरादा, अभिलाषा ।
**Ambition, desire**

६३) निःसरण = निक्लनु, बच्न बाहिरजानु, बहिर्गमण हुनु, टाँसि नरहनु ।
**coming out of**

६४) अनागत = पछि, भविष्य, वर्तमान काल बितेपछि ।
**future**



Downloaded from http://dhamma.digital/

६५) नास्तिक = ईश्वरको अस्तित्व छैन भन्ने व्यक्ति, अस्तित्व नकार्नु ।
**One who doesn't believe in god**

६६) सम्यक = राम्रो, ठीक, कल्याण साध्ने, राम्रा परिणाम ल्याउने ।
**Right, proper, genuine**

६७) अतीत = बितेको समय, भूतकाल, वर्तमानभन्दा अघिको समय ।
**Past, gone**

६८) अवरोध = वाधा, रोकावट, तगारो, छेकवार ।
**Obstruction, restriction**

६९) उपादान = आसक्ति, कसिलो तृष्णा, भवको आधार ।
**Attachment**

७०) शील = वचन र काय कर्मको शुद्धि, सम्यक आचरण, धर्मभूमि ।
**Precepts, faithful promise**

७१) स्कन्ध = समूह, एकत्रित भएको, थुप्रो ।
**Groups**

७२) प्रज्ञा = सत्य-ज्ञान, यथाभूत ज्ञान, जे जस्तो छ त्यस्तै देख्ने ज्ञान ।
**Wisdom, true knowledge**

७३) निराकरण = हटाउनु, निष्क्रिय पार्नु, त्याग्नु,काम नलाग्ने पार्नु ।
**Avoidance, uproot**

७४) वीर्य = उत्साह, परिश्रम, साहस, लगनशीलता ।
**effort, exertion, courage**

७५) इतिश्री = समाप्त, अन्त, निःशेष, बाँकी नरहनु ।
**come to an end, finish**



Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# के महान ?

१)  काय वाक कर्म शुद्ध गर, यही शील महान ।

२)  मनलाई वशमा राख, यही समाधि महान ।

३)  सम्यकदृष्टि वृद्धि गर, यही प्रज्ञा महान ।

४)  भव- वन्धन तोड, यही मुक्ति महान ।

५)  चित्तलाई निर्मल राख, यही कर्म महान ।

६)  निर्वाणको साक्षात्कार गर, यही सुख महान ।

७)  पञ्चोपदानमा आसक्ति, यही दुःख महान ।

८)  आफूले आफैलाई जित, यही जीत महान ।

९)  संसार दुःखमय जान, यही सत्य महान ।

१०) आर्य मध्यम प्रतिपदा, यही मार्ग महान ।

११)  रागद्वेषादि मारसेना, यही शत्रु महान ।

१२) श्रद्धा, वीर्य, सति र प्रज्ञा, यही मित्रु महान ।

१३)  संसार-सागर पार तर, यही यही कार्य महान ।

१४) दुःख-मुक्तिको अवस्था, यही शान्ति महान ।

१५)  मनुष्य जीवन सार्थक पार, यही जन्म महान ।

१६) शील, समाधि र प्रज्ञा, यही धर्म महान ।

१७)  बहुजन हित हुने कर्म, यही गुण महान ।

१८) अविद्या अन्धकार हटाऊ, यही विद्या महान ।

१९)  आफ्नो द्वीप आफै बन, यही शरण महान ।

२०) बुद्ध, धर्म र संघरत्न, यही रत्न महान ।



२१)  धर्म-सन्देश बाँड, यही दान महान ।

२२) दुःख-वन्धनबाट छुट, यही मंगल महान ।

२३)  जोसँग दया, धर्म क्षमा छ, उही व्यक्ति महान ।

२४  आफूलाई चिन्न सकेको बेला, यही समय महान ।

२५)  सप्तरत्न धन साथमा, यही सम्पति महान ।

२६) परम शत्रुलाई क्षमा-दान, यही क्षान्ति महान ।

२७)  आफूलाई नसाँची बाँड्नु, यही त्याग महान ।

२८) परिग्रहीबाट अपरिग्रही बन्नु, यही परिवर्तन महान ।

२९)  अनासक्त संचित पुण्यकर्म, यही संचय महान ।

३०) भव-रोगले ग्रस्त बन्नु, यही व्याधि महान ।

३१)  स्वार्थको अगाडि घुँडा टेक्नु, यही हार महान ।

३२) सद्धर्मको अभ्यास जुर्नु, यही अवसर महान ।

३३)  अनित्य दुःख र अनात्मको दर्शन, यही पुण्य महान ।

३४) परपीडन र स्वपोषण, यही पाप महान ।

३५)  परोपकार र परदुःख हरण, यही सेवा महान ।

३६) धर्माचरण र साधना गर्नु, यही पूजा महान ।



Dhamma.Digital

Downloaded from http://dhamma.digital/